सिकाई क्षेत्र :
सामाजिक व्यवहार र मूल्य मान्यता

# नेपालको सेरोफेरो र सार्क



तह ३

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
शिक्षा तथा मानव स्रोत विकास केन्द्र

# हाम्रो भनाई

सिकाइ मानव जीवनको अभिन्न अङ्ग हो । औपचारिक शिक्षा प्रणालीको संरचनाभन्दा बाहिर रहेर पनि व्यक्तिले जीवनका लागि आवश्यक ज्ञान र सिप हासिल गरिरहेको हुन्छ । यसरी जीवनपर्यन्त चलिरहने  सिकाइलाई अनौपचारिक शिक्षा भनिन्छ । जीवनपर्यन्त अर्थात् आजीवन सिकाइ तो किएको निश्चित ढाँचा वा पद्धतिमा मात्र सीमित हुँदैन । मानव जीवनमा व्यक्तिले औपचारिक, अनौपचारिक तथा आफू संलग्न रहेको पेसा व्यवसाय वा कार्य अनुभवले विभिन्न किसिमका ज्ञान, सिप र क्षमता आर्जन गरिरहेको हुन्छ । अनौपचारिक माध्यमबाट सिकेका ज्ञान, सिप र क्षमतालाई उपयुक्त प्रणालीमार्फत व्यवस्थित गर्दै लैजानु जरुरी छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ ले गरेको व्यवस्थाबमोजिम अनौपचारिक रूपबाट शिक्षा हासिल गरेका तर प्रमाणीकरण हुन नसकेका वा विभिन्न पेसा व्यवसाय गर्दै स्वअध्ययनको माध्यमबाट सिकाइ प्रमाणीकरण गर्न तथा आफ्नो योग्यता बढाउन चाहने व्यक्तिको आवश्यकतालाई दृष्टिगत गर्दै यो सामग्री तयार गरिएको हो ।

यस सामग्रीले भाषा तथा सञ्चार, व्यवहारिक समस्या समाधान, सामाजिक व्यवहार र मूल्यमान्यता, जीवन जगत र प्रविधि तथा स्वास्थ जीवनशैली र सिर्जनशीलतागरी पाँचओटा विषयक्षेत्र समेटेको छ ।

यो सामग्री १५ वर्षमाथिका औपचारिक शिक्षा प्राप्त गर्न वा पूरा गर्न नसकेका अनुभवी सिकारुलाई दृष्टिगत गरी विकास गरिएको छ । यो सामग्री हाललाई परीक्षणका लागि तयार गरिएको हो । आगामी दिनमा सरोकारवालाबाट प्राप्त सल्लाहसुझाव समावेश गर्दै यसलाई अझ परिष्कृत एवम् अद्यावधिक गरिने छ ।

यो सामग्री तयार गर्ने क्रममा सहयोग पुऱ्याउने साझेदार संस्था युनिसफ तथा विश्व शिक्षा, सामग्री लेखन र भाषा सम्पादनमा सहयोग गर्नुहुने विज्ञहरू, चित्र तथा साजसज्जा कार्यमा संलग्न सबैप्रति यो केन्द्र हार्दिक धन्यवाद प्रकट गर्दछ ।

**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
**सानोठिमी, भक्तपुर**

## परिचय

यस मोडुलमा सार्कको सामान्य परिचय दिइएको छ । यसका साथै सार्कको उद्देश्य, सार्कको भौगोलिक, सामाजिक , आर्थिक, शासकीय र सांस्कृतिक अवस्थाको जानकारी प्रदान गरीएको छ । यस मोडुलमा स्रोतसाधनको परिचय र वर्गीकरण र स्रोतसाधनको प्रभावकारी उपयोग सम्बन्धमा पनि चर्चा गरिएको छ । सामाजिक कुरीतिको पहिचान, त्यसले समाजमा पार्ने प्रभाव र कुरीति न्यूनीकरणका उपायसमेत यस मोडुलमा समेटिएका छन् । नेपालको संविधान, संवैधानिक विकासक्रम र नेपालको संविधानमा उल्लिखित शासकीय स्वरुपलाई पनि सरल र स्पष्टरूपमा वुझाउने प्रयास गरिएको छ ।

## सक्षमता

सार्क स्तरसम्मको भौगोलिक, सामाजिक, आर्थिक, शासकीय र सांस्कृतिक अवस्थाको विश्लेषण, स्रोत तथा सेवाको समानुपातिक प्रयोगका लागि पैरवी र उपयोग ।

## सिकाइ उपलब्धि

» उपयुक्त नक्साको प्रयोग गरी संङ्घीय र सार्क क्षेत्रको अवस्थिति पहिचान गरी भौगोलिक, सामाजिक, भाषिक, आर्थिक, शासकीय र साँस्कृतिक पक्षको परिचय दिन ।

» स्रोत साधनको समानुपातिक बाँडफाँड गर्नका लागि अपनाउनुपर्ने उपाय र समाजमा देखा परेका कुरीति हटाउनका लागि बहस पैरबी गर्ने ।

» नेपाल र सार्कस्तरमा उपलब्ध स्रोतसाधन, हावापानी, भूपरिवेश समेतका आधारमा अनर्थिक सम्भावना पहिचान गर्न र आफ्नो स्थानीय र प्रादेशिक परिवेशसंग तुलना गर्न ।

» नेपालको शासकीय संरचना, कार्य प्रणाली, संबिधानले प्रदान गरेका अधिकार र सेवा सुबिधाको सम्बन्धमा परिचित भई सेवा लिन ।

## पाठहरू

यस मोडुल अन्तर्गत सिकाइका निम्नानुसारका पाठहरु हुनेछन् :

पाठ १ : सार्क र यसका गतिविधिहरु

पाठ २ : सार्क र नेपाल

पाठ ३ : श्रोत साधनको परिचय, महत्त्व र न्यायोचित वितरण

पाठ ४ : सामाजिक कुरीति र न्यूनीकरणका उपायहरु

पाठ ५ : नेपालको संविधान र शासकीय संरचना

## पूर्व सिकाई परिक्षण

### सही शब्दको छनोट गरौँ, आफ्नो ज्ञान आफैँ जाँचौँ :

क) सार्कमा सुरूमा कति ओटा देशहरु संलग्न थिए ? (सात/आठ)

.............................................................................................................................

ख) SAARC को पुरा रुप कुन हो ?

(South Asian Association for Regional Co-operation)/South East Asian Association for Regional Contries)

.............................................................................................................................

ग) सार्कको सचिवालय कहाँ रहेको छ ? (काठमाडौँ/नयाँ दिल्ली)

.............................................................................................................................

घ) सार्कको पहिलो शिखर सम्मेलन कहाँ भएको थियो ? (बङ्गलादेश/ पाकिस्तान)

.............................................................................................................................

ङ) हामीले वन जङ्गल जोगाउन के गर्नुपर्दछ ? (वृक्षारोपण गर्नुपर्दछ/बस्ती विकास गर्नुपर्दछ )

.............................................................................................................................

च) स्रोत र साधनको खेर नफाली विवेक पुऱ्याएर प्रयोग गर्नु कस्तो कार्य हो ? (गलत/असल)

.............................................................................................................................

छ) अहिलेको स्रोत साधन भोलिका सन्ततिलाई पनि सञ्चित गरी राख्नु के कार्य हो ? (संरक्षण/विलक्षण)

.............................................................................................................................

### ठिक बेठिक छुट्याऔँ :

१) काठमाडौँमा सार्कको अठारौँ शिखर सम्मेलन भएको थियो । ☐

२) सार्कको लोगो तयार पार्ने व्यक्ति शैलेन्द्र महर्जन हुन् । ☐

३) सार्कको उद्देश्य सात ओटा छन् । ☐

४) यादवकान्त सिलवाल सार्कका महासचिव भएका थिए । ☐

५) सार्कको स्थायी समितिमा सार्क राष्ट्रका परराष्ट्र मन्त्रिहरु रहने व्यवस्था छ ।

६) वन जङ्गल, नदी, पहाड प्राकृतिक स्रोतसाधन हुन् ।

७) सार्कको कान्छो सदस्य राष्ट्र भुटान हो ।

८) भुटानको राष्ट्र भाषा जोङ्खा हो ।

९) हरेक वर्ष असोज ३ गते संविधान दिवस मनाइन्छ ।

१०) धर्म सापेक्षता हालको संविधानको विशेषता हो ।

**यहाँले कस्तो गर्नुभयो ? यदि तपाईंको उत्तर सबै मिल्यो धेरै धेरै बधाई तथा धन्यवाद । यस मोडुलमा तपाईंले केही नयाँ कुरा पनि सिक्न सक्नुहुने छ ।**

**यदि तपाईंको उत्तर आधा वा केही मात्र मिल्यो भने पनि चिन्ता नगर्नुहोस्, यो मोडुल तपाईंकै लागि तयार गरिएको हो । यसले तपाईंलाई आफ्नो दैनिक जीवन र समाजका महत्त्वपूर्ण कुराहरूको बोध गर्न मद्दत गर्ने छ । यदि तपाईंले यो मोडुल राम्रोसँग अध्ययन गर्नुभयो भने अगाडिको प्रश्नहरूको उत्तर र त्यसभन्दा पनि धेरै विषयमा जानकारी प्राप्त गर्नुहुने छ । के तपाईं तयार हुनुहुन्छ ? नयाँ पाठ सुरु गरौं है त ? धन्यवाद ।**

पाठ १

# सार्क

साजन र उनका साथी मिलेर सार्क सम्वन्धमा इन्टरनेटमा खोजी गर्दा फेला परेका आधारभूत तथ्य सङ्कलन गरे । जुन यस प्रकार थियो ।

सार्क (SAARC) दक्षिण एसियाका देशहरुको साझा सङ्गठन हो । त्यसैले यसलाई दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्ठन (South Asian Association for Regional Co-opertation) भनिन्छ । यसलाई छोटकरीमा SAARC भनिन्छ । १९८५ को डिसेम्बर ८ मा बङ्गलादेशको ढाकामा भएको दक्षिण एसियाली देशहरुको पहिलो शिखर सम्मेलनले यसको स्थापना गरेको हो । यसमा भारत, भुटान, बङ्गलादेश, पाकिस्तान, नेपाल, श्रीलङ्का, माल्दिभ्स र अफगानिस्तान ८ राष्ट्रहरु सदस्य रहेका छन् । सार्कको सचिवालय नेपालको राजधानी काठमाडौंमा रहेको छ । सार्क सचिवालयमा प्रयोग हुने भाषा अङ्ग्रेजी हो । सार्कमा सुरूमा ७ देश रहेकामा सन् २००५को ढाकामा भएको १३औं सम्मेलनपछि अफगानिस्तान थपिई ८ सदस्य भएको थियो ।




सार्कको राष्ट्रप्रमुख वा सरकार प्रमुखहरुको बैठक सामान्यतया वर्षको एक पटक वा सो भन्दा बढी आवश्यकताअनुसार बस्न सक्ने व्यवस्था छ । सार्कको लोगो बनाउने व्यक्ति नेपालका शैलेन्द्र महर्जन हुन् । सार्कको उद्देश्य ७ ओटा छन् । DECEMBER 8 लाई सार्क चार्टर डे भनिन्छ ।

साजन र उनका साथीलाई सार्क बडापत्र सम्वन्धमा जिज्ञासा भयो र यस सम्वन्धमा इन्टरनेटमा खोजी गर्दा सार्क बडापत्रमा १० धारामा निम्न तथ्यहरु रहेको पत्ता लगाए ।

सार्क बडापत्रमा १० धारा छन् ।

| | | | |
|---|---|---|---|
| १. उद्देश्य | २. सिध्दान्तहरु | ३. राज्य तथा सरकार प्रमुखहरुको बैठक | ४.मन्त्री परिषद् |
| ५. स्थायी समिति | ६. प्राविधिक समिति | ७. कार्य समिति | ८.सचिवालय |
| ९. वित्तीय प्रवन्ध | १०. सामान्य प्रावधानहरु | | |

**भोलिपल्ट उनीहरू सार्क सचिवालय त्रिदेवी मार्ग ठमेलमा सार्कका सम्बन्धमा केही सोधखोज गर्न जाने निधो गरे र उनीहरू कार्यालय समयमा नै सचिवालय पुगे। त्यहाँ उनीहरूले सार्कको ब्रोसियर(हाते पुस्तिका) अध्ययन गर्दा ब्रोसियरमा सार्कको उद्देश्यमा आँखा पर्‍यो। ब्रोसियरमा सार्कका उदेश्य निम्नानुसार प्रस्तुत गरिएको थियो।**

**सार्कका उद्देश्य**

१. दक्षिण एसियाका जनताको हित अभिवृद्धि तथा जीवनस्तर सुधार गर्नं,

२. यस क्षेत्रमा आर्थिक उत्थान, सामाजिक प्रगति तथा सांस्कृतिक विकासको गति बढाउनु र सवै व्यक्तिहरुलाई सम्मानपूर्वक जीवनयापन गर्ने तथा आफ्नो पूर्ण क्षमताको उपयोग गर्ने अवसर प्रदान गर्नु,

३. दक्षिण एसियाका राष्ट्रहरु बिचको सामूहिक आत्मनिर्भरतालाई अभिवृद्धि गर्नु र सुदृढ गर्नु ।

४. पारस्परिक विश्वास र समझदारी बढाउन तथा एक अर्काका समस्याहरु बुझ्नमा योगदान पुर्‍याउनु,

५. आर्थिक, सामाजिक, सांस्कृतिक, प्राविधिक तथा वैज्ञानिक क्षेत्रहरुमा सक्रिय सहयोग र पारस्परिक सहकार्यको अभिवृद्धि गर्नु,

६. अन्य विकासोन्मुख देशहरुसँगको सहयोगलाई मजबुत तुल्याउनु,

७. साझा हितका विषयहरु रहेका अन्तर्राष्ट्रिय मञ्चहरुमा गर्नुपर्ने सहयोगलाई मजबुत पार्नं,

८. समान लक्ष्य र उद्देश्य भएका अन्य अन्तर्राष्ट्रिय र क्षेत्रीय सङ्गठनहरुलाई सहयोग पुर्‍याउनु,



## अन्तरक्रियात्मक क्रियाकलाप

**सार्क सचिवालय भ्रमणका क्रममा साजन र उनका साथीलाई सार्कका कर्मचारीसँग छलफल र अन्तर्क्रिया गर्ने अवसर प्राप्त भयो। सो समयमा उनीहरू बिच भएको कुराकानीको अंश हामी पनि अध्ययन गरौं है त।**

**साजन** : नमस्कार सर, हामी सार्कको सम्बन्धमा केही जानकारीहरु लिन यहाँ आएका छौं। यहाँले हाम्रा जिज्ञासाहरुलाई समाधान गरिदिनुहुने छ भन्ने आशा राखेका छौं।

**सार्कका कर्मचारी** : हुन्छ नि , यहाँको जिज्ञासा मेट्ने प्रयास गर्ने छु।

**साजन** : सार्क स्थापनाको पृष्ठभूमि र सार्क देशहरुको आर्थिक सामाजिक र राजनीतिक अवस्था सम्बन्धमा हाम्रा केही जिज्ञासा छन्। त्यसैमा आधारित भएर छलफल गरौं न।

**सार्कका कर्मचारी** : हुन्छ , सुरूमा म सार्कको पृष्ठभूमिबाट छलफल अघि बढाउन चाहन्छु। सार्क स्थापनाको पृष्ठभूमि नेपालमा तयार भएको थियो। सार्कको स्थापनाका लागि नेपालले सन् १९७७ मा काठमाडौंमा बसेको कोलम्बो योजनाको परामर्श दातृ समितिको बैठकमा तत्कालीन राजा वीरेन्द्रले नेपालको अथाह जलश्रोतको उपयोग गर्न क्षेत्रीय सहयोगका लागि प्रस्ताव राखेका थिए। यही सिलसिलामा सन् १९८०मा बङ्गलादेशका राष्ट्रपति जीयाउल रहमानले सार्कको अवधारणा अगाडि सारेका थिए। यिनै विचारहरुको परिणामस्वरुप सार्कको स्थापना भएको हो। त्यसैले सार्क स्थापना गर्ने बेलादेखि नै नेपालको चासो रहँदै आएको छ।

**साजन** : सार्कको आवश्यकता किन पर्‍यो ?

**सार्कका कर्मचारी** : क्षेत्रीय सहयोग र सहकार्य वृद्धि गर्न, सार्कदेशहरु बिच शान्ति, भाइचारा र सहयोग आदानप्रदान गर्न सार्कको आवश्यकता परेको हो।

**साजन** : सार्क देशहरुको शासन पद्धति कस्तो कस्तो छ, यस बारेमा केही प्रस्ट पारिदिनुहुन्छ कि ?

**सार्कका कर्मचारी** : सार्कमा धेरै देशहरुमा प्रजातान्त्रिक शासन पद्धति नै रहेका छन् तर त्यसका मोडल भने फरक फरक रहेका छन् ।

**साजन** : प्रजातान्त्रिक शासन पद्धतिका कुन कुन मोडलहरु रहेका छन् त ?

**सार्कका कर्मचारी** : नेपालमा सङ्घीय गणतन्त्रात्मक लोकतान्त्रिक व्यवस्था छ भने भुटानमा संवैधानिक राजतन्त्रात्मक व्यवस्था अवलम्बन गरिएको छ । भारतमा पनि सङ्घात्मक प्रजातान्त्रिक व्यवस्था छ भने बङ्गलादेश र पाकिस्तानमा सङ्घीय संसदीय गणतन्त्र रहेको छ । माल्दिभ्समा भने राष्ट्रपतीय प्रजातान्त्रिक गणतन्त्रात्मक व्यवस्था छ

**साजन** : अनि अफगानिस्तानमा भएको तालिवानको शासन चाहिँ प्रजातान्त्रिक शासन व्यवस्था हो त ?

**सार्कका कर्मचारी** : अफगानिस्तानको शासन व्यवस्था प्रजातान्त्रिक शासन व्यवस्था होइन, यहाँ इस्लाम सरीया कानुनअनुसार शासन सञ्चालन गर्ने धार्मिक प्रकृतिको व्यवस्था छ ।

**साजन** : श्रीलङ्कामा चाहिँ कस्तो शासन पद्धति रहेको छ ?

**सार्कका कर्मचारी** : श्री लङ्कामा प्रजातान्त्रिक समाजवादी गणतन्त्र रहेको छ ।

**साजन** : अनि सार्क देशहरुमा कुन देशको प्रतिव्यक्ति आय धेरै छ त सर ।

**सार्कका कर्मचारी** : सार्क देशहरुमा प्रतिव्यक्ति आय धेरै भएको देश माल्दीभ्स हो भने सबैभन्दा कम प्रतिव्यक्ति आय भएको देश अफगानिस्तान हो । सन् २०२१ को तथ्याङ्कअनुसार नेपालको प्रतिव्यक्ति आय ४२०९.८अमेरिकी डलर रहेको छ । माल्दिभ्स र अफगानिस्तानको प्रतिव्यक्ति आय क्रमश :२०६१५.४ र अफगानिस्तानको १६६५.८ अमेरिकी डलर रहेको छ ।

**साजन** : हाम्रो देश नेपाल भुपरिवेष्टित देश हो भने सार्कका कुन कुन देश भूपरिवेष्टित छन् अनि कुन कुन देश भूपरिवेष्टित होइनन्, बताइदिनुस् न ।

**सार्कका कर्मचारी** : तपाईंले भनेको ठिक हो । सार्कमा नेपाल मात्र होइन भुटान र अफगानिस्तान पनि भूपरिवेष्टित देशहरु हुन् । माल्दिभ्स चारैतिर समुन्द्रले घेरिएको टापु धेरै भएको देश हो भने, भारतको पनि दक्षिणी, पूर्वी र पश्चिमी भूभाग समुन्द्रसँग जोडिएको छ । बङ्गलादेश पनि समुद्रसँग जोडिएको देश हो । पाकिस्थान पनि अरब सागरसँग जोडिएको छ । श्रीलङ्का चारैतिर हिन्दमहासागरले घेरिएको टापु देश हो ।

**साजन** : नेपालमा नेपाली भाषा बोल्ने जनसङ्ख्या बढी छ । भारतमा हिन्दी भाषा सरकारी कामकाजको भाषाका रुपमा रहेको छ । सार्कका अरु देशहरुमा कुन कुन भाषा बोल्नेहरुको बाहुल्य छ ? बताइदिनुहुन्छ कि ?

**सार्कका कर्मचारी** : तपाईंले एकदमै सही कुरा भन्नुभएको छ । भाषिक हिसाबमा सार्क देशहरुमा विविधता रहेको छ । बङ्गलादेशमा बङ्गाली बोल्नेहरुको बाहुल्य छ भने पाकिस्तानमा उर्दु, सिन्धी आदि भाषाहरु बोलिन्छ भने भुटानमा जोङ्खा भाषा बढी प्रयोग हुन्छ । त्यस्तै माल्दीभ्समा दिवेही र श्रीलङ्कामा सिंहाली र तमिल बोल्ने मानिसहरु धेरै छन् । त्यस्तै अफगानिस्तानमा दारी, पर्सियन र पास्तो भाषा बोल्नेहरुको जनसङ्ख्या अधिक छ ।

**साजन** : सार्कको विविध जानकारी प्रदान गर्नुभएकोमा यहाँलाई धेरै धेरै धन्यवाद दिन चाहन्छु ।

**सार्कका कर्मचारी** : सार्कका विविध गतिविधिको सम्बन्धमा मलाई पनि धेरै कुरा सिक्ने अवसर दिनुभएकामा यहाँलाई पनि धेरै धेरै धन्यवाद ।



## अनुभवमा आधारित क्रियाकलाप

**उनीहरूले घरमा फर्केर आएपछि सार्कको उद्देश्यको सारलाई निम्नानुसार चार्टमा प्रस्तुत गरेर कोठामा टाँसेका थिए ।**







## सिकाइ क्रियाकलाप


- » सार्कको राष्ट्राध्यक्ष वा सरकार प्रमुखको बैठक वर्षको एकपटक वा सदस्य राष्ट्रहरुद्वारा आवश्यक ठानिएमा बढीपटक पनि बस्न सक्ने छ ।
- » सदस्य राष्ट्रका परराष्ट्र मन्त्रीहरु सम्मिलित मन्त्रिपरिषद् रहने र बैठक वर्षमा २ पटक बस्ने छ ।
- » सार्क राष्ट्रका विदेश सचिव सम्मिलित स्थायी समिति रहने र बैठक आवश्यकताअनुसार बस्ने छ ।
- » सार्कको पहिलो महासचिव अबुल अहसन हुन् । उनी बङ्गलादेशका नागरिक हुन् ।
- » हाल सार्कका महासचिव अमजद हुसेन बी सियाल हुन् । उनी पाकिस्तानका हुन् ।
- » सार्कमा नेपालबाट हालसम्म २ जना महासचिव भइसकेका छन् । यादवकान्त सिलवाल र अर्जुनबहादुर थापा ।
- » सार्कका महिला महासचिव फथिमाथ धियना सैयद हुन् ।
- » सार्कले सन् २०१० देखि २०२० सम्मलाई अन्तर्राष्ट्रिय सम्पर्क दशकको रुपमा मनाउँदै छ
- » सार्कको हालसम्म १८ ओटा शिखर सम्मेलन सम्पन्न भइसकेका छन् ।
- » सार्कको अठारौँ शिखर सम्मेलन नेपालको काठमाडौँमा सन् २०१४ नोभेम्वर २६-२७ मा सम्पन्न भएको थियो । (२०७१ मङ्सिर १० र ११) सार्कको पहिलो क्षेत्रीय केन्द्र सार्क कृषि सूचना केन्द्र हो ।

## अभ्यास क्रियाकलाप

**तल दिइएको नक्सामा भूपरिवेष्टित देशहरूमा रातो र अन्य देशहरूका पहेलो रङ लगाई देशहरूको सूचीसमेत तयार पार्नुहोस् ।**




**तल दिइएको तालिकामा सार्कको सुरुमा संलग्न भएका देशहरूको नाम लेखी तालिका पूरा गर्नुहोस् ।**





## समुह क्रियाकलाप

**सार्कको भौगोलिक, सामाजिक ,आर्थिक, भाषिक र शासकीय र सांस्कृतिक पक्षको परिचय साजन र उनका साथीहरूले सार्कका विविध पक्षमा जानकारी प्राप्त गरिसकेपछि आफूले सिकेको ज्ञान र अनुभवमा आधारित भई निम्नानुसारको तालिका निर्माण गरेका थिए । तपाईंहरू पनि यस्तै तालिका तयार पार्नुहोस् ।**

| सार्क देशको नाम | भौगोलिक पक्ष | सामाजिक सांस्कृतिक पक्ष | आर्थिक पक्ष अमेरिकी डलर | भाषिक पक्ष | शासकीय पक्ष |
|---|---|---|---|---|---|
| नेपाल | भुपरिवेष्टित राष्ट्र<br>क्षेत्रफल :१४७५१६<br>अक्षांश :<br>देशान्तर : ८०० <br>राजधानी : काठमाडौं<br>पूर्व, पश्चिम र दक्षिणमा भारत र उतरमा चिन | १२५जातजाती, १२३ भाषाभाषी, धर्म निरपेक्ष देश, १० भन्दा बढी धर्म मान्ने मानिसहरु रहेका | प्रतिव्यक्ति आय : ४२०९.८ अमेरिकी डलर | नेपालमा बोलिने सबै मातृभाषाहरु राष्ट्र भाषा हुन् ।<br>नेपाली सरकारी कामकाजको भाषा | सङ्घीय लोकतान्त्रिक गणतन्त्र |
| भारत | क्षेत्रफल : ३२८७७९०<br>पूर्वमा बङ्गालको खाडी, म्यानमार, पश्चिममा अरब सागर, पाकिस्तान उत्तरमा नेपाल, भुटान, चिन र दक्षिणमा हिन्दमहासागर<br>राजधानी नयाँ दिल्ली | धर्म निरपेक्ष राष्ट्र | ७२४२ | हिन्दी | लोकतान्त्रिक गणतन्त्र |
| श्रीलङ्का | क्षेत्रफल : ६५६१०<br>चारैतिर हिन्दमहासागरले घेरिएको<br>राजधानी : कोलम्बो | बुद्धधर्म र हिन्दु धर्म मान्ने मानिसहरुको बाहुल्य | १४७०६.५ | सिंहाली | प्रजातान्त्रिक, सामाजवादी गणतन्त्र |
| बङ्गलादेश | क्षेत्रफल : १४३९९८<br>पूर्व उत्तर र पश्चिममा भारत<br>दक्षिणमा बङ्गालको खाडी र म्यानमार<br>राजधानी : ढाका | इस्लाम धर्म मान्नेहरुको बाहुल्य | ६४९३.८ | बङ्गाली | संसदीय प्रजातन्त्र |

| | | | | | |
|---|---|---|---|---|---|
| भुटान | भुपरिवेष्टित राष्ट्र पूर्व, दक्षिण र पश्चिममा भारत र पश्चिम र उतरमा चिन<br>क्षेत्रफल : ४६६२०<br>राजधानी : थिम्पु | बुद्ध र हिन्दु धर्म मान्नेहरु रहेका | ११९८३.३ | जोङ्खा | संवैधानिक राजतन्त्र |
| माल्दिभ्स | क्षेत्रफल : २९८<br>चारैतिर समुद्रले घेरिएको<br>धेरै टापुहरु भएको<br>राजधानी : माले | इस्लाम धर्ममान्ने मानिसहरुको बाहुल्य रहेको | २०६१५.४ | द्विवेही | राष्ट्रपतिय प्रजातान्त्रिक गणतन्त्र |
| अफगानिस्तान | भुपरिवेष्टित राष्ट्र<br>क्षेत्रफल : ६४७५००<br>पूर्वमा पाकिस्तान, पश्चिममा<br>इरान र तुर्किमिनिस्थान, उत्तरमा उज्बेकिस्तान र ताजकिस्थान र दक्षिणमा इरान र पाकिस्थान पर्दछ ।<br>राजधानी : काबुल | इस्लाम सरिया कानुन अनुसार शासन सञ्चालन | १६६५.८ | दारी पर्सियन, पस्तो, उज्वेक | Islamic state |
| पाकिस्तान | क्षेत्रफल : ७९६०९५<br>पूर्वमा भारत, पश्चिममा अफगानिस्तान र इरान उत्तरमा चिन र दक्षिणमा अरब सागर पर्दछ ।<br>राजधानी : इस्लामावाद | इस्लाम, शिख | ५७४८ | उर्दु | Federal parliamentary republic |

## खोज क्रियाकलाप

**तल दिइएको झण्डा कुन कुन देशको हो, पहिचान गर्नुहोस् र त्यस्तै झण्डा बनाउने अभ्यास गर्नुहोस् । त्यसपछि सार्क देशका झण्डाहरू समावेश भएको एल्बम तयार पार्नुहोस् ।**



## सिकाइ क्रियाकलाप

**तल दिइएको समाचार अध्ययन गरी सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् ।**

### नेपालको पहलमा सार्कले पायो महासचिव

अध्यक्ष राष्ट्र नेपालको कूटनीतिक पहलमा बङ्गलादेशी कूटनीतिज्ञ गोलाम सरबार दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क)को नयाँ महासचिव हुने भएका छन् । सार्क महासचिवका रुपमा श्रीलङ्काली कूटनीतिज्ञ इसाला रूवान बिराकुनको समयावधि १७ फागुनमा सकिएपछि बङ्गलादेशबाट सार्क महासचिव आउने तय भएको हो । सरबार हाल मलेसियाका लागि बङ्गलादेशी उच्चायुक्त हुन् ।

वर्णानुक्रमअनुसार सार्कको नयाँ महासचिव अफगानिस्तानबाट हुनुपर्ने थियो, तर उसलाई सहभागी पनि नगराउने र सदस्यबाट पनि नहटाउनेमा सात देश सहमत भएपछि महासचिव बङ्गलादेशबाट तय भएको हो । अफगानिस्तानको तालिबान सरकारलाई सार्कका कुनै पनि सदस्य मुलुकले मान्यता दिएका छैनन् । सार्कमा नेपाल, भारत, बङ्गलादेश, भुटान, श्रीलङ्का, माल्दिभ्स, पाकिस्तान र अफगानिस्तान सदस्य छन् । सार्कमा कुनै पनि सदस्य मुलुकलाई निलम्बन वा निष्कासन गर्ने प्रावधान छैन ।

'नेपालको कूटनीतिक प्रयासमा बङ्गलादेशले महासचिव पाएको हो । पाकिस्तान अफगानिस्तानले नै महासचिव पाउनुपर्ने पक्षमा थियो तर परराष्ट्रले पाकिस्तानी कूटनीतिक अधिकारीलाई सहमत गराएपछि ऊ अफगानिस्तानको विकल्प दिन तयार भएको हो,' प्रक्रियाबारे जानकार एक कूटनीतिक अधिकारीले नयाँ पत्रिकासँग भने, 'अध्यक्ष मुलुकका रुपमा परराष्ट्रसचिव भरतराज पौड्यालको सबै सदस्य मुलुकलाई सहमत गराउने भूमिका रह्यो । सार्कका निवर्तमान महासचिवको पनि यसमा सहयोगी भूमिका रह्यो ।'

सार्कका पूर्वमहासचिव अर्जुनबहादुर थापाका अनुसार सार्क बडापत्रअनुसार जुन मुलुकले महासचिव पाउने हो, त्यसले सबै सदस्य मुलुकलाई नाम पत्राचार गर्ने र सार्क मन्त्रिपरिषद् बैठकले नाम अनुमोदन गर्नपर्छ । सार्क मन्त्रिपरिषद् (विदेश मन्त्रीस्तरीय) बैठक नबसे पनि कूटनीतिक च्यानलबाट नाममा स्वीकृति दिएपछि महासचिव नियुक्ति प्रक्रिया अघि बढ्ने चलन छ । 'आपसी पत्राचारमार्फत बङ्गलादेशी कूटनीतिज्ञको नाम अनुमोदन भएको छ,' नेपाली कूटनीतिक अधिकारीले भने ।



सन् १९८५ डिसेम्बरमा नेपाल, भारत, भुटान, पाकिस्तान, बङ्गलादेश, माल्दिभ्स र श्रीलङ्काको सहभागितामा सार्क स्थापना भएको थियो भने सन् २००७ अप्रिलमा १४औँ शिखर सम्मेलनबाट अफगानिस्तान नयाँ सदस्य भएको थियो । सार्कमा युरोपियन युनियन, चीन, जापान, इरानलगायत सार्कका नौ ओटा पर्यवेक्षक मुलुक छन् ।

सार्कको १८औँ शिखर सम्मेलन ०७२ मंसिर १० र ११ मा काठमाडौँमा भएको थियो । ४ चैत ०७२ मा पोखरामा बसेको सार्क परराष्ट्र मन्त्रीस्तरीय (मन्त्रिपरिषद्) बैठकले २४ र २५ चैत ०७३ मा सार्कको १९औँ शिखर सम्मेलन पाकिस्तानको इस्लामाबादमा गर्ने निर्णय गरेको थियो  तर २ असोज ०७३ भारतको उरीमा १९ जना सैनिकको ज्यान जाने गरी आतङ्ककारी हमला भएपछि भारतले आतङ्कको माहोलमा पाकिस्तानमा सार्क सम्मेलन हुन नसक्ने बतायो । भारतको धारणामा भुटान र बङ्गलादेशले समर्थन जनाउँदै सम्मेलन हुन नसक्ने भनेपछि नेपालले स्थगित गरेको थियो ।

नेपालले भारतमा भएको आतङ्ककारी हमलाको निन्दा गर्दै क्षेत्रीय सहकार्यका लागि शिखर सम्मेलन गर्नँपर्नेमा जोड दियो  तर नेपालको प्रयास सफल भएन । भारतको कास्मिरस्थित पुलवामा २ फागुन ०७५ मा आतङ्ककारी हमलामा ४० भारतीय सुरक्षाकर्मीको मृत्यु भयो । यी दुवै घटनामा भारतले पाकिस्तानको संलग्नता आरोप लगायो र यसले सार्क शिखर सम्मेलनलाई प्रभावित बनायो । नेपालले सन् १९८७ मा तेस्रो र २००२ मा ११औँ शिखर सम्मेलन आयोजना गरेर अध्यक्षता हस्तान्तरण गरेको इतिहास मात्रै सीमित भयो । शिखर सम्मेलनमार्फत पाकिस्तानलाई तेस्रोपटक अध्यक्षता हस्तान्तरण गर्ने प्रयास सफल भएन ।

कोभिड- १९ महामारीका कारण दुई वर्षअघि (८ असोज ०७७ मा) परराष्ट्रमन्त्रीस्तरीय अनौपचारिक बैठक भिडियो माध्यमबाट भएको थियो । जसको अध्यक्षता तत्कालीन परराष्ट्रमन्त्री प्रदीप ज्ञवालीले गरेका थिए । ज्ञवालीले पाकिस्तानमा शिखर सम्मेलन हुने परिस्थिति नभएमा व्यावहारिक विकल्प खोज्न प्रस्ताव गरेका थिए । पाकिस्तानमा सम्भव नभए जुन मुलुकमा सम्भव हुन्छ, त्यही मुलुकमा सम्मेलन गरौँ भन्ने नेपालको आशय थियो । यसमा पाकिस्तानको सहमति भएन । पाकिस्तानले इस्लामाबादमै सम्मेलन गर्न अडान राख्दै आएको छ ।

स्रोत: मिति २०७९/११/२१ मा नयाँ पत्रिकामा प्रकाशित समाचारबाट साभार

**प्रश्नहरू**

क) सार्क महासचिवमा बङ्गलादेशले नियुक्तिको अवसर पाउनुको कारण के थियो ?

.............................................................................................................................................

ख) सार्कको वर्तमान अध्यक्ष राष्ट्र कुन हो ?

.............................................................................................................................................

ग) सार्कमा गतिविधि प्रभावकारी नहुनुमा पछिल्ला कारणहरु के के हुन् ?

.............................................................................................................................................

घ) सार्कमा बङ्गलादेशबाट को को महासचिवमा नियुक्ति भएका छन् ?

.............................................................................................................................................



## परियोजना क्रियाकलाप

**विभिन्न सन्दर्भ सामग्री वा वेभसाइड मा खोजी गरी सार्क महासचिवहरूको नाम र देशको जोडा मिलाउनुहोस् ।**

| (क) | (ख) |
|---|---|
| **हालसम्मको महासचिवको नाम** | **देशको नाम** |
| क) अब्दुल अहसन | भुटान |
| ख) कान्तकिशोर भार्गव | श्रीलङ्का |
| ख) इब्राइम हुसेन जाकी | नेपाल |
| ग) यादवकान्त सिलवाल | पाकिस्तान |
| घ) नइम यु हसन | भारत |
| ङ) निहल रोन्द्रिगा | बङ्गलादेश |
| च) क्यु.ए.एम.ए.रहिम | माल्दिभ्स |
| छ) छिब्क्याप दोर्जे | |
| ज) सिलकान्त शर्मा | |
| झ) फथिमा धियना सैयन | |
| ञ) अर्जुनबहादुर थापा | |
| ट) अमजाद हुसेन बि साएल | |
| ठ) इसला बिराकोन | |
| ड) गोलम सरबर | |



## अभ्यास क्रियाकलाप

**तल दिइएका प्रश्नहरूको उत्तर दिनुहोस् ।**

क) सार्क देशहरुको नाम क्षेत्रफलको आधारमा ठुलो देखि सानो क्रममा लेख्नुहोस् ।

..........................................................................................

..........................................................................................

..........................................................................................

ख) सार्कमा सबैभन्दा धेरै र कम जनसङ्ख्या भएको देशको नाम लेख्नुहोस् ।

..............................    ..............................

ग) नेपालमा सार्कका कुन कुन कार्यालयहरु रहेका छन् ?

..................   ........................   ..........................................

घ) सार्कका उद्देश्यहरु लेख्नुहोस् ।

..........................................................................................

..........................................................................................

..........................................................................................

..........................................................................................

ङ) सार्कका सिद्धान्तहरुलाई तालिकामा देखाउनुहोस् ।

..........................................................................................

..........................................................................................

च) सार्क बडापत्रमा कति धारा छन् ? लेख्नुहोस् ।

..........................................................................................

छ) सार्कको अठारौँ शिखर सम्मेलन कहिले र कहाँ भएको थियो ?

ज) सार्क मन्त्रिपरिषद् र सार्क स्थायी समिति बिचको भिन्नता उल्लेख गर्नुहोस् ।



## अनुभवमा आधारित क्रियाकलाप

- सार्क दक्षिण एसियाली देशहरु सम्मिलित क्षेत्रीय सङ्गठन हो । यसको सचिवालय काठमाडौँमा रहेको छ ।
- सार्कका उद्देश्यहरु सात ओटा रहेका छन् ।
- सार्कका सिद्धान्तले आन्तरिक मामलामा अहस्तक्षेप, आपसी लाभहरुको सम्मान, द्विपक्षीय र बहुपक्षीय सहयोग आदिलाई आत्मसात् गरेको छ ।
- सार्कमा हालसम्म अठारओटा शिखर सम्मेलन भइसकेका छन् । नेपालमा तेस्रो, एघारौँ र अठारौँ शिखर सम्मेलन सम्पन्न भएका थिए ।
- हाल सार्कका महासचिव बङ्गलादेशका गोलम सरबर हुन् ।
- सार्कको १९ औं शिखर सम्मेलन पाकिस्तान हुने भनिए पनि भारतमा भएको आतङ्कारी घटना र अफगानिस्तानमा तालिबानले सत्ता कब्जा गरेको कारण हुन सकेको छैन् ।

पाठ २

# सार्क र नेपाल

सार्कको स्थापनाका लागि नेपालले सन् १९७७ मा काठमाडौँमा बसेको कोलम्बो योजनाको परामर्श दातृ समितिको बैठकमा तत्कालीन राजा वीरेन्द्रले नेपालको अथाह जलस्रोतको उपयोग गर्न क्षेत्रीय सहयोगका लागि प्रस्ताव राखेका थिए । यही सिलसिलामा सन् १९८०मा बङ्गलादेशका राष्ट्रपति जियाउल रहमानले सार्कको अवधारणा अगाडि सारेका थिए । यिनै विचारहरुको परिणामस्वरुप सार्कको स्थापना भएको हो । त्यसैले सार्क स्थापना गर्ने बेलादेखि नै नेपालको चासो रहँदै आएको छ ।

नेपालले सार्कको स्थापनाकालदेखि नै सार्कमा निरन्तर सहभागी जनाउँदै आइरहेको छ । सार्कको बडापत्रमा नेपालको तर्फबाट तत्कालीन राजा स्व.वीरेन्द्रले हस्ताक्षर गरेका थिए ।

» सार्कको सचिवालय काठमाडौँको त्रिदेवी मार्ग ठमेलमा रहेको छ ।

» नेपालको भक्तपुर ठिमीमा सार्क क्षयरोग केन्द्रको स्थापना भएको छ ।

» सार्क सूचना केन्द्रको सचिवालय पनि काठमाडौँमा रहेको छ ।

» तेस्रो, एघारौं र अठारौँ शिखर सम्मेलन (२०७१ मंसिर १० र ११) काठमाडौँमा सम्पन्न भएको ।

» सार्कको प्रतीक चिह्न लोगो नेपालका शैलेन्द्र महर्जनद्वारा तयार भई स्वीकृत भएको हो ।

» सार्कको कूल खर्चमा नेपालले ११.३५ प्रतिशत खर्च ब्यहोर्दै आएको छ ।

» १९ औं सार्क शिखर सम्मेलन गर्न उपयुक्त वातावरण तयार पार्ने पक्षमा वकालत गर्दै आइरहेको छ ।

» नेपालले विभिन्न सार्क स्तरीय खेलकुद सञ्चालन गर्दै आएको छ ।

» नेपालबाट यादवकान्त सिलवाल र अर्जुनबहादुर थापा सार्कको महासचिव भएका थिए ।



## अभ्यास क्रियाकलाप

**धर्को तानेर जोडा मिलाउनुहोस्**

| समुह क | समुह ख |
|---|---|
| शैलेन्द्र महर्जन | सार्क क्षयरोग निवारण केन्द्र |
| यादवकान्त सिलवाल | सार्क स्थापनामा पहल गर्ने राष्टप्रमुख |
| विरेन्द्र विर विक्रम शाह | सार्कको लोगो डिजाइनर |
| ठिमी भक्तपुर | सार्क सचिवालय |
| त्रिदेवी मार्ग ,ठमेल काठमाडौँ | सार्कको महासचिव |
| सार्कमा बढी साक्षर देश | |



## समुह कार्य क्रियाकलाप

**तल दिइएको संवाद अध्ययन गरी सोधीएका प्रश्नहरूको उत्तर दिनुहोस् ।**

बिपना आफ्नो काकासँग सार्कको बारेमा कुराकानी गर्दै छिन् । उनको काका सार्क विश्वविद्यालयमा प्राध्यापन गर्नुहुन्छ । नेपालले सार्कबाट लिन सक्ने फाइदाहरु सम्बन्धमा उनीहरु बिच भएको कुराकानी अध्ययन गरौँ ।

**बिपना** : हजुर सार्क विश्वविद्यालयमा अध्यापन गर्नुहुन्छ । सार्कबाट नेपालले चाहिँ के के फाइदा लिन सक्छ , काका ?

**काका** : सार्क दक्षिण एसियाका ८ ओटा देशहरुको साझा क्षेत्रिय सङ्गठन हो । यस संस्थाको संस्थापक सदस्य राष्ट्र भएका नाताले नेपालले सार्कमार्फत क्षेत्रीय सहयोग र शान्ति स्थापनामा भूमिका खेल्दै आएको छ । सार्कबाट पनि यसले धैरै फाइदाहरु लिन सक्छ । जस्तै : नेपालले सार्क क्षेत्रका अन्य देशहरुसँग व्यापारको विस्तार, दक्षिण एसियाली प्रबुद्ध व्यापार सम्झौँता (साप्टा) मार्फत व्यापार उदारीकरण र आर्थिक सहयोग आदानप्रदानमार्फत फाइदा लिन सक्छ ।

**बिपना** : भारतसँग हाम्रो परनिर्भरता बढी छ, के सार्कले भारतसँग हुने परनिर्भरतालाई घटाई अरु देशहरुको सम्बन्धलाई क्रमशः विस्तार गर्न मद्दत गर्दैन र ?

**काका** : तिमीले धैरै राम्रो कुरा गर्‍यौ । वास्तवमा सार्कले सबै देशहरुमा व्यापार सम्बन्ध विस्तार गरी व्यापारमा सन्तुलन कायम राख्न मद्दत गर्दछ । व्यापारमा हुने भन्सार दरलाई नियन्त्रण गरी व्यापार पहुँचलाई अभिवृद्धि गर्दछ । त्यस्तै आन्तरिक मामलामा छिमेकी देशबाट हुनसक्ने हस्तक्षेप र अनावश्यक चासोलाई निरूत्साहित गर्ने काममा पनि सार्कले भूमिका खेल्न सक्छ ।

**बिपना** : आफ्नो देशमा उत्पादित विद्युत्व्यापार विस्तारमा सार्कमार्फत कुनै भूमिका हुँदैन र ?

**काका** : हुन्छ नि, नेपालको ऊर्जालाई दक्षिण एसियाली देश विशेषतः भारत र बङ्गलादेशमा विक्री गर्न सहज बजार पहुँच वृद्धि को द्विपक्षीय र बहुपक्षीय वार्ता र सम्बन्धहरु विस्तार गर्दछ । त्यस्तै अर्को फाइदा भनेको जलवायु परिवर्तनले नेपालका हिमालहरुमा प्रभाव परेको जसका प्रभावहरु बिस्तारै मानव जीवनमा समेत देखिन थालेकाले यस सम्बन्धमा तयारी र विश्वमा साझा आबाज उठाउन समेत मद्दत गर्दछ ।

**बिपना** : सार्क र नेपालको सम्बन्ध र योगदानको क्षेत्र सम्बन्धमा प्रस्ट पारिदिनुभएकामा काकालाई धेरै धेरै धन्यवाद ।

**काका** : तिमीले पनि मेरा विचारहरु ध्यान दिएर सुनेकामा धेरै धेरै धन्यवाद नानी ।

**सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् ।**

क) सार्कको लोगो तयार पार्ने व्यक्तिको नाम लेख्नुहोस् ।

.................................................................................................................................................

ख) नेपालले सार्कको कति प्रतिशत व्ययभार बेहोर्दै आइरहेको छ ?

.......................................................................................................................................

ग) सार्कको सक्रियता पछिल्ला समयमा कमजोर देखिनुका कारणहरु के के होला ?

.......................................................................................................................................

(घ) सार्कलाई अझै क्रियाशील बनाउन के के गर्नुपर्ला ?

.......................................................................................................................................

ङ) सार्कबाट नेपालले लिनसक्ने फाइदाहरुको सूची तयार पार्नुहोस् ।

.......................................................................................................................................

.......................................................................................................................................



## अनुभवमा आधारित क्रियाकलाप

» सार्कको स्थापनाको प्रस्तावक राष्ट्र नेपाल हो ।

» सार्कको प्रतीक चिह्न लोगो नेपालका शैलेन्द्र महर्जनद्वारा तयार भई स्वीकृत भएको हो ।

» सार्कको कूल खर्चमा नेपालले ११.३५ प्रतिशत खर्च व्यहोर्दै आएको छ ।

» सार्कमार्फत नेपालले क्षेत्रीय सहयोग र शान्ति स्थापनामा पहल गर्दै आइरहेको छ ।

» नेपालको विद्युत्व्यापार विस्तारमा सार्कमार्फत सहयोग लिन सक्छ ।

» हाल नेपाल सार्कको अध्यक्ष राष्ट्र हो ।

» आतङ्ककारी हमला, अफगानिस्तानमा सत्ता परिवर्तन आदि कारणले सार्कको १९ औं शिखर सम्मेलन हुन नसकेका कारण यसका गतिविधि निष्क्रिय रहेका छन् ।

पाठ 3

# हाम्रा स्रोतसाधन


आज विक्रम जङ्गलको बाटो हुँदै बजार जाँदै थिए । जङ्गलमा काठ काटेको आबाज उनले सुने । उनको ध्यान त्यतातर्फ आकर्षित भयो । वनमा काठ दाउरा काट्न नपाइने भनेर अस्ती मात्र समुदायमा भएको बैठकमा आफू पनि उपस्थित भएकाले उनलाई को रहेछ किन काटिएको होला भनेर बुझ्न अझ चासो बढेर आयो । उनी त्यता ध्यान दिँदै गर्दा वन उपभोक्ता समितिका अध्यक्ष र अन्य गाउँलेहरुसँग भेट भयो । त्यहाँ विक्रमले हाम्रा स्रोतसाधन तिनको संरक्षण आदि सम्बन्धमा उपभोक्ता समितिका अध्यक्षसँग जिज्ञासा राखे । हामी पनि उनी बिच भएको छलफल र प्रश्नोत्तर अध्ययन गरौँ है त ।

**विक्रम :** होइन अध्यक्ष ज्यू, वनमा काठ चोरी र तस्करी पो भैरहेको हो कि जस्तो लाग्छ , अस्ति भर्खर वनमा तत्काललाई काठ घाँस दाउरा काट्न रोक लगाइएको होइन र ?

**अध्यक्ष :** हो नि हामीले हाम्रा स्रोतसाधनको संरक्षण गर्नुपर्ने नियम नै बनाएका छौँ । स्रोतसाधन त्यस्ता चिज हो जसलाई कुनै पनि मानिस तथा जीवजन्तुले उपयोग गरी आफ्नो जीवनयापनलाई सहज र सरल बनाउन सक्दछ ।

**विक्रम :** यस्ता स्रोतसाधन प्राकृतिक मात्रै हुन्छन् कि अरु पनि हुन्छन् अध्यक्ष ज्यू ?

**अध्यक्ष :** सामान्यत: स्रोतहरुलाई प्राकृतिक, भौतिक, मानवीय र आर्थिक गरी चार समूहमा विभाजन गर्न सकिन्छ : आफ्नो मोबाइलमा डाउनलोड गरेको स्रोत साधनको चार्ट देखाउँदै




**विक्रम :** तपाईंले चार्टमा मानवीय स्रोतसाधन देखाउनुभएको थियो नि ? मानवीय स्रोतसाधन भनेको के हो र यसमा कुन कुन स्रोत साधन पर्दछन् ?

**अध्यक्ष :** मानवीय श्रोत साधन भन्नाले सक्षम जनशक्ति भन्ने बुझिन्छ । सक्षम जनशक्ति ज्ञान, सीप र अनुभवले पूर्ण हुन्छ । मानवीय स्रोतसाधन पनि दक्ष, अर्धदक्ष र अदक्ष गरी तीन प्रकारको हुन्छ । तीन ओटै जनशक्तिको उचित व्यवस्थापनबाट देश विकासका गतिविधिलाई अगाडि वढाउन सकिन्छ ।

**विक्रम :** अनि तपाईंले स्रोतसाधनमा प्राकृतिक स्रोत साधनको पनि कुरा गर्नुभएको थियो । त्यसको बारेमा पनि बताइदिनुस न ।

**अध्यक्ष :** प्रकृतिमा उपलब्ध हुने मानिसको जनजीवनमा उपयोगमा आउने विभिन्न प्राकृतिक सम्पदाहरुलाई प्राकृतिक स्रोत साधन भनिन्छ । नेपालमा प्राकृतिक स्रोतसाधनमा विविधता रहेको छ ।

**विक्रम :** हामीले धेरै नै देखिरहेका र उपयोग गरिरहेका स्रोतसाधन जस्तै : जल, जमिन, खनिज, जङ्गल आदिलाई प्राकृतिक स्रोतको उदाहरणको रुपमा लिन सकिन्न र अध्यक्षज्यू ।

**अध्यक्ष :** धेरै राम्रो उदाहरण पो दिनुभयो तपाईंले त । फेरि एउटा कुरा मैले यहाँ थप्न चाहेँ, त्यो के भने मानवीय श्रोतसाधन र प्राकृतिक स्रोतसाधनको प्रभावकारी परिचालन गर्न आर्थिक स्रोतसाधन पनि चाहिने रहेछ । आर्थिक स्रोतसाधनमा पैसा, बजेट, नगदजस्ता आर्थिक गतिविधि सञ्चालन गर्न आवश्यक स्रोत साधनहरु पर्छन् । यस्ता स्रोत साधनले अरु स्रोतसाधनको परिचालनमा गतिशीलता प्रदान गर्छ । मानवीय श्रोतको परिचालन गर्न, प्राकृतिक स्रोत साधनको संरक्षण र उपयोग गर्न, विभिन्न भौतिक साधनको निर्माण गर्न पनि आर्थिक स्रोतसाधनको प्रयोग गरिन्छ ।

**विक्रम :** स्रोतसाधनको प्रकारमा एउटा बाँकी रह्यो जस्तो लाग्यो मलाई । अघि हजुरले चार्टमा देखाउनुभएको भौतिक स्रोतसाधनको छलफल गरौँ न ल अध्यक्षज्यू ?

**अध्यक्ष :** भौतिक स्रोतसाधनमा सडक, विद्यालय, भाँडाकुँडा, पोसाक, धार्मिकस्थल जस्ता भौतिक वस्तुहरु पर्दछन् । ती साधनहरु मानवीय आवश्यकता पूरा गर्न सहयोगी हुन्छन् ।

शिक्षकले सम्पर्क कक्षाको दिन सिकारूहरुलाई अर्को हप्ता शैक्षिक भ्रमणमा लाने निर्णय गर्नुभयो । उनीहरुलाई शैक्षिक भ्रमणमा जान आवश्यक पर्ने वस्तु र स्थानको सूची तयार पार्न लगाउनुभयो । उनीहरुले कालीदेवी मन्दिर, कालिदेवी सामुदायिक वन, नुवाकोट दरवार घुम्ने र फर्केर आएपछि त्रिशूली नदीको किनारमा रहेको तारूका घाटमा पिकनिक गर्ने निधो समेत गरे । उनीहरुले आफूलाई आवश्यक पर्ने निम्नानुसारको स्रोत सामग्रीको सुची तयार पारे ।

### शैक्षिक भ्रमणमा जान आवश्यक पर्ने सामानहरूको सूची

भ्रमणमा जाने स्थान, भ्रमणमा जान यातायातको साधन, पिकनिकका लागि आवश्यक ग्याँस, ग्याँस चुलो, पकाउने भाँडा, खानका लागि प्लेट, गिलास, लगाउने कपडा, स्लिपिङ ब्याग, खाजाका लागि चिउरा, अण्डा दालमोठ, चाउचाउ, पैसा, खाना तयार पार्ने मानिस, दरबारको बारेमा जानकारी लिन भेट्नुपर्ने मानिस, भ्रमणमा जाने व्यक्तिहरु ,शिक्षक, सहयोगी कर्मचारी, पूजारी, पैसा आदि

शिक्षकले उनीहरुले तयार पारेको स्रोत साधनलाई निम्नानुसारको तालिकामा भर्न समेत लगाउनुभयो ।

विद्यार्थीहरुले निम्नानुसार भरेर शिक्षकलाई देखाए

| | | |
|---|---|---|
| **स्रोत साधन** | मानवीय | खाना तयार पार्ने मानिस पुजारी दरवारको कर्मचारी,शिक्षक , विद्याथी |
| | आर्थिक | पैसा |
| | प्राकृतिक | सामुदायिक वन नदी |
| | भौतिक | खाना तयार पार्ने भाँडा, प्लेट चाउचाउ, अण्डा, चिउरा दालमोठ लगाउने कपडा, दरबार, मन्दिर, घाट |

शिक्षकले उनीहरुलाई ती मध्ये कुन कुन साधन आफूले लैजानुपर्ने, कुन कुन सामान किन्न पर्ने, भ्रमणमा कति पैसा उठाउने, खर्च कति लाग्ने ,गाडीवालासँग सम्पर्क कसले गर्ने, पैसा सङ्कलन कसले गर्ने, सामान किन्ने जिम्मा कसले लिने आदि सम्बन्धमा पनि योजना बनाउन लगाउनुभयो र योजनामुताबिक जिम्मेबारीसमेत बाँडफाँड भयो । यसरी उनीहरुले अगिल्लो हप्तामा सिकेका विषयवस्तु र आफ्ना जीवनका अनुभवलाई समेत समेटेर चार्ट विवरण र योजना बनाएका थिए ।



## सिकाइ क्रियाकलाप

### स्रोतसाधनको न्यायोचित वितरणका लागि अपनाउनुपर्ने उपायहरू




स्रोतसाधनको न्यायोचित वितरण भन्नाले समाजका सवै वर्ग, क्षेत्र, लिङ्गका मानिसहरुलाई वस्तु, सेवा र सुविधाको वितरणमा समन्याय कायम गर्नु भन्ने बुझिन्छ । ती वस्तु र सेवाको प्राप्ति र उपयोगमा सवै वर्ग र क्षेत्रका मानिसहरुको पहुँच स्थापित हुनु पनि स्रोतसाधनको न्यायोचित वितरण हो । यसले समाजमा स्रोतसाधनको निरन्तर प्रवाहमार्फत त्यसको उपयोगको हिस्सेदारी कायम हुन्छ । यसले सीमित र हुनेखाने व्यक्तिको कब्जामा रहेको स्रोतसाधन कमजोर वर्गको हातमा पुग्ने सुनिश्चितता प्रदान गर्छ । स्रोतसाधनको समान र समन्यायिक वितरणले समाजमा हुने द्वन्द्व पनि कम गर्छ । यसले समाजमा समान अधिकार उपयोग गर्ने वातावरण सिर्जना गर्दछ । समाजमा विद्यमान् भ्रष्टाचार र सिन्डीकेटलाई निरूत्साहित गरी न्यायपूर्ण र सदाचारयुक्त समाज विकासमा मद्दत पुऱ्याउँछ । शक्तिका आडमा हुने स्रोतसाधनको गलत प्रयोगलाई नियन्त्रण गर्दछ । यो समाजमा शान्ति स्थापनाका लागि पनि महत्त्वपूर्ण मानिन्छ । यसरी स्रोतसाधनको न्यायोचित वितरणका लागि राज्यले आवश्यक कानुनी र संस्थागत प्रवन्धहरु गर्न जरूरी हुन्छ । स्रोतसाधनको न्यायोचित वितरणमा अपनाउन सकिने केही उपायहरु तल प्रस्तुत गरिएका छन् :

क) समुदायमा सबै सदस्यले निबार्धरुपमा उपयोग गर्ने वातावरण तयार गर्नुपर्छ ।

ख) खानीजन्य स्रोतसाधनको मितव्ययी उपयोग गरी भावी पुस्तालाई हस्तान्तरण गर्नुपर्छ ।

ग) प्राकृतिक स्रोतसाधनको विनाश नहुने गरी संरक्षण गर्ने र आवश्यकताअनुसार निश्चित मापदण्ड बनाएर स्रोतसाधनको उपयोग गर्नुपर्दछ ।

घ) भ्रष्टाचार नियन्त्रण गर्ने र सदाचारलाई बढावा दिने नीति र कार्यक्रमहरु सञ्चालन गर्नुपर्छ ।

ङ) शक्तिको आडमा हुने स्रोतसाधनको दुरूपयोग र असमान वितरणलाई निश्चित मापदण्डका आधारमा वितरण गर्नुपर्दछ ।

च) स्रोतसाधनमा आधिपत्य जमाउँदै आएका वर्ग वा समूहले गलत तरिकाबाट स्रोतमाथि राख्दै आएको पहुँचलाई कमजोर पार्नुपर्छ ।

(छ) प्रगतिशील कर प्रणाली लागू गर्नुपर्दछ । जसमा बढी आम्दानी हुनेले बढी र कम हुनेले कम अनुपातमा राज्यलाई कर बुझाउन सक्छन् ।

(ज) कृषि उपजमा क्गदकष्मथ प्रदान गर्नुपर्दछ ।

(झ) आम्दानीको पुनर्वितरण मापदण्ड लागू गर्नुपर्दछ ।

(ञ) स्रोतसाधनमा आधारित रोजगारी र आयआर्जनको अवसर वृद्धि गर्नुपर्दछ ।

### स्रोतसाधन वर्गीकरणका अन्य आधार

क) वास्तविक स्रोतसाधन (Actual resources)

निश्चित तथा परिमाण निश्चित भएको स्रोतसाधनलाई वास्तविक स्रोतसाधन भनिन्छ । पानी, कोइला, पेट्रोल आदि वास्तविक स्रोतसाधन हुन् ।

ख) पोटेन्सियल स्रोतसाधन (Potential resources)

कुनै विशेष क्षेत्रमा भएको र भविष्यमा प्रयोग गर्न सकिने स्रोतसाधनलाई पोटेन्सियल स्रोतसाधन भनिन्छ । पोटेन्सियल स्रोतसाधनको मात्रा र गुणस्तर अनिश्चित हुन्छ । पोटेन्सियल स्रोतसाधनको उत्खनन गर्न अत्याधुनिक प्रविधिको प्रयोग गर्नुपर्ने हुन्छ । खनिज तेल, युरेनियम आदिलाई पोटेन्सियल स्रोतसाधनका रुपमा लिइन्छ ।

### वास्तविक र पोटेन्सियल स्रोतसाधन बिच भिन्नता

| वास्तविक स्रोतसाधन | पोटेन्सियल स्रोतसाधन |
|---|---|
| १. वास्तविक स्रोतसाधनको मात्रा निश्चित हुन्छ । यसलाई मापन गर्न सकिन्छ । | १. पोटेन्सियल स्रोतसाधनको मात्रा अनिश्चित हुन्छ । यसलाई मापन गर्न सकिँदैन । |
| २.वर्तमानमा हामीले प्रयोग गरिरहेको स्रोतसाधन वास्तविक स्रोतसाधन हुन् । | २. यस्ता स्रोतसाधन भविष्यमा प्रयोग गर्न सकिन्छ । |
| ३. यी स्रोतसाधनको प्राप्तिका लागि प्रविधिहरु उपलब्ध हुन्छन् । | ३. यी स्रोतसाधनको प्रयोगका लागि अत्याधुनिक प्रविधिको जरूरत पर्दछ । |

## २. सर्वव्यापी स्रोतसाधन र स्थानीय स्रोतसाधन

सर्वव्यापी स्रोत साधन : जतातत‍ै वा जहाँसुकै नि उपलब्ध हुन सक्ने स्रोतसाधनलाई सर्वव्यापी स्रोतसाधन भनिन्छ । हावा, जमिन , पानी आदि सर्वव्यापी स्रोतसाधनका उदाहरण हुन् ।

स्थानीय स्रोतसाधन : निश्चित ठाउँ वा क्षेत्रमा मात्र पाइने सोतसाधनलाई स्थानीय स्रोतसाधन भनिन्छ । फलाम, पेट्रोल, कोइला आदि स्थानीय स्रोतसाधनका उदाहरण हुन् ।

### सर्वव्यापी र स्थानीय स्रोतसाधन बिच भिन्नता

| सर्वव्यापी स्रोतसाधन | स्थानीय स्रोतसाधन |
|---|---|
| १. सर्वव्यापी स्रोतसाधन जतातत‍ै प्राप्त गर्न सकिन्छ ।<br>२. हावा, जमिन , पानी आदिलाई उदाहरणका रुपमा लिन सकिन्छ । | १. स्थानीय स्रोतसधन निश्चित ठाउँ वा क्षेत्रमा मात्र प्राप्त गर्न सकिन्छ ।<br>२. फलाम, पेट्रोल कोइलालाई उदाहरणका रुपमा लिन सकिन्छ । |

### स्वामित्वका आधारमा स्रोतसाधनका प्रकार

स्रोतसाधनको स्वामित्व भन्नाले ती स्रोतसाधनको मालिक को हो ? ती स्रोतसाधनमा कानुनी अधिकार कसको रहन्छ भन्ने कुरालाई जनाउँछ । व्यक्तिको निजी घर उसको स्वामित्वमा रहन्छ भने , समुदायमा रहेका सार्वजनिक धारा, कुवा , पार्क, पिननिक स्थल आदि समुदायको स्वामित्वमा रहेका हुन्छन् । त्यस्तै कतिपय स्रोतसाधनहरु राज्यको स्वामित्वमा समेत रहेका हुन्छन् । जस्तै खनिज, नदी आदि । यहाँ स्वामित्वको आधारमा स्रोत साधनलाई तीन वर्गमा राखी विभाजन गरिएको छ ।

**व्यक्तिगत स्रोतसाधन** : कुनै एउटा व्यक्तिको नियन्त्रणमा रहने स्रोतसाधनलाई व्यक्तिगत स्रोतसाधन भनिन्छ । घर, जग्गा, सबारीसाधन आदि

**सामुदायिक स्रोतसाधन** : समुदायको स्वामित्वमा रहेको स्रोतसाधनलाई सामुदायिक स्रोतसाधन भनिन्छ । जस्तै धारा, पाटीपौवा, चउर, विद्यालय, जङ्गल आदि

**राष्टिय स्रोतसाधन** : राज्यको स्वामित्वमा रहेका स्रोतसाधनलाई राष्टिय स्रोतसाधन भनिन्छ । यस्ता स्रोतसाधनको नियन्त्रण र परिचालन राज्यका निकायहरुले गरिरहेका हुन्छन् ।

**अन्तर्राष्टिय स्रोतसाधन** : विश्वमा सबै देशका नागरिकको हक र पहुँच स्थापित हुने स्रोतसाधनलाई अन्तर्राष्ट्रिय स्रोतसाधन भनिन्छ ।

### स्रोतसाधनको उपयोग र परिचालन सम्बन्धमा भएका संवैधानिक व्यवस्था

» संविधानको धारा ५०(३) मा उल्लेखित राज्यको निर्देशक सिद्धान्तमा उपलब्ध साधन र स्रोतको अधिकतम परिचालनद्वारा तिव्र आर्थिक वृद्धि हासिल गर्दै दिगो आर्थिक विकास गर्ने तथा प्राप्त उपलब्धिको न्यायोचित वितरण गरी आर्थिक असमानताको अन्त्य गरी शोषणरहित समाजको सिर्जना गर्ने कुरा उल्लिखित छ ।

» धारा ५१(छ) राज्यका नीतिहरुमा प्राकृतिक स्रोतसाधनको संरक्षण, संवर्धन र उपयोग सम्बन्धी नीति रहेको छ ।

## तल सोधिएका प्रश्नहरूको उत्तर दिनुहोस् ।

क) स्रोतसाधन भनेको के हो ?

.............................................................................................................................................

ख) प्राकृतिक स्रोतसाधनको महत्त्व उल्लेख गर्नुहोस् ।

.............................................................................................................................................

ग) 'आर्थिक स्रोतसाधनविना अरु स्रोतसाधनको परिचालन सम्भव छैन' । यस भनाइलाई पुष्टि गर्नुहोस् ।

.............................................................................................................................................

घ) मानवीय स्रोतसाधनलाई वर्गीकरण गर्नुहोस् ।

.............................................................................................................................................

.............................................................................................................................................

ङ) सर्वव्यापी स्रोतसाधन र स्थानीय स्रोतसाधन बिचको फरक लेख्नुहोस् ।

.............................................................................................................................................

.............................................................................................................................................

च) स्रोतसाधनको न्यायोचित वितरण भनेको के हो ?

.............................................................................................................................................

.............................................................................................................................................

छ) स्रोतसाधनको न्यायोचित वितरण गर्न सकिन्छ ?

.............................................................................................................................................

.............................................................................................................................................

.............................................................................................................................................



## अभ्यास क्रियाकलाप

**धर्को तानी जोडा मिलाउनुहोस् ।**

| समूह क | समूह ख |
|---|---|
| क) प्रकृतिमा पाइने स्रोतसाधन | राष्ट्रिय स्रोतसाधन |
| ख) स्थानीय स्तरमा उपलब्ध हुने स्रोतसाधन | सामुदायीक स्रोतसाधन |
| ग) सबैतिर उपलब्ध हुने स्रोतसाधन | प्राकृतिक स्रोतसाधन |
| घ) वर्तमानमा प्रयोग भइरहेको स्रोत साधन | वास्तविक स्रोतसाधन |
| ङ) भविष्यमा प्रयोग गर्न सकिने स्रोतसाधन | सर्वव्यापी स्रोतसाधन |
| च) व्यक्तिको स्वामित्व भएको स्रोतसाधन | पोटेन्सियल स्रोतसाधन |
| छ) समुदायको नियन्त्रणमा भएको स्रोतसाधन | स्थानीय स्रोतसाधन |
| ज) देशका सबै नागरिकको हक लाग्ने स्रोतसाधन व्यक्तिगत स्रोतसाधन | अन्तर्राष्ट्रिय स्रोतसाधन |



## अनुभवमा आधारित क्रियाकलाप

**कुन स्रोतसाधनको संरक्षण गर्न के गर्नुपर्दछ ? आफ्नो अनुभवमा आधारित भई तलको तालिका पूरा गर्नुहोस् ।**

| स्रोतसाधनको नाम | संरक्षण गर्ने उपायहरु |
|---|---|
| वन जङ्गल | ............................................<br>............................................ |
| नदी ,खोला, पोखरी | ............................................<br>............................................ |
| वायु | वायु प्रदूषण हुन नदिने.<br>............................................ |

| | |
|---|---|
| माटो | रासायनिक मलको प्रयोग नगर्ने<br>........................................ |
| मठ मन्दिर | ........................................<br>........................................ |
| दरबार गढी | ........................................<br>........................................ |
| पशुपक्षी | ........................................<br>........................................ |



## अनुभवमा आधारित क्रियाकलाप

**तल दिइएका प्रश्नहरूको सही विकल्पमा ठिक (✓) चिह्न लगाउनुहोस् ।**

१) तल दिइएको कुन सर्वव्यापी स्रोतसाधन होइन ?

क) हावा　　ख) पानी　　ग) कोइला　　घ) प्रकाश

२) पोटेन्सियल स्रोतसाधनको विशेषता कुन हो ?

क) यी स्रोतसाधनहरु जतातत‌ै हुन्छन् ।

ख) यी स्रोत साधनहरु सिमित ठाउँमा हुन्छन् ।

ग) व्यक्तिको स्वामित्वमा रहेको स्रोतसाधन

घ) सर्वव्यापी स्रोतसाधन

३) नदीजन्य स्रोतसाधनमा कुन पर्दैन ?

क) गिट्टी  ख) बालुवा  ग) रोडा  घ) खनिज

४) स्रोतसाधनको प्रभावकारी उपयोगको तरिका कुन हो ?

क) स्रोतसाधनको समान वितरण

ख) स्रोतसाधनको उपयोग क्षमता हुनेले मात्र गर्ने

ग) स्रोत साधनहरु धनीले बढी उपयोग गर्नुपर्छ ।

घ) स्रोतसाधनको संरक्षण गर्ने दायित्व सरकारको मात्र हो ।

५) रकम, पैसा बजेट आदि कुन स्रोत हुन् ?

क) भौतिक  ख) मानवीय  ग) आर्थिक  घ) प्राकृतिक



## अनुभवमा आधारित क्रियाकलाप

» स्रोत साधन त्यस्ता चिज हुन् जसलाई कुनै पनि मानिस तथा जीवजन्तुले उपयोग गरी आफ्नो जीवनयापनलाई सहज र सरल बनाउन सक्दछ ।

» स्रोतसाधनहरु भौतिक , प्राकृतिक, आर्थिक र मानवीय हुन्छन् ।

» प्रकृतिमा उपलब्ध हुने मानिसको जनजीवनमा उपयोगमा आउने विभिन्न प्राकृतिक वस्तुहरुलाई प्राकृतिक स्रोतसाधन भनिन्छ ।

» भौतिक स्रोतसाधनमा सडक, विद्यालय, भाँडाकुँडा, पोसाक, धार्मिक स्थल जस्ता भौतिक वस्तुहरु पर्दछन्

» आर्थिक स्रोतसाधनमा पैसा, बजेट, नगदजस्ता आर्थिक गतिविधि सञ्चालन गर्न आवश्यक स्रोत साधनहरु पर्छन् । यस्ता स्रोतसाधनले अरु स्रोतसाधनको परिचालनमा गतिशीलता प्रदान गर्छ ।

» मानवीय स्रोतसाधन भन्नाले सक्षम जनशक्ति भन्ने बुझिन्छ । सक्षम जनशक्ति ज्ञान, सीप र अनुभवले पूर्ण हुन्छ । मानवीय स्रोतसाधन पनि दक्ष, अर्धदक्ष र अदक्ष गरी तीन प्रकारको हुन्छन् ।

» स्रोतसाधनको न्यायोचित वितरणका लागि समुदायमा सबै सदस्यले निर्वाहका लागि उपयोग गर्ने वातावरण तयार गर्ने , स्रोतसाधनको मितव्ययीरुपमा उपयोग गर्ने, स्रोतसाधनको संरक्षण गर्ने, दुरुपयोग र असमान वितरणलाई निरूत्साहित गर्ने गर्नुपर्दछ साथै स्रोतसाधनमा आधारित रोजगारी र आयआर्जनको अवसर वृद्धि गर्नुपर्दछ ।

» स्रोतसाधनलाई वास्तविक र पोटेन्सियल , सर्वव्यापी र स्थानीय, व्यक्तिगत, सामुदायिक, राष्ट्रिय र अन्तर्राष्ट्रिय गरी अन्य विभिन्न प्रकारमा वर्गीकरण गर्न सकिन्छ ।

# पाठ ४

# सामाजिक कुरीति र न्यूनीकरणका उपायहरु



## सिकाइ क्रियाकलाप

कुरीति भन्नाले समाजमा विद्यमान् गलत अभ्यास र परम्परालाई बुझ्नुपर्छ । यसले समाज विकासको क्रमलाई अवरूद्ध पार्छ । समाजमा विभेद, द्वन्द्व र सामाजिक विकृतिहरुलाई बढावा दिने काम गर्दछ । त्यसैले समाजमा प्रचलित त्यस्ता कुरीतिहरुको नियन्त्रण गर्दै असल र सभ्य समाज निर्माणमा सबैको चासो, सचेतना र सहभागिता रहनुपर्दछ



## अनुभवमा आधारित क्रियाकलाप

आज मनीषा, पेमा र अमर हाटबजारबाट फर्किरहेका छन् । उनीहरुले बाटामा प्रहरीले केही मानिसलाई पक्रिएर गाडीमा हाल्दै गरेको देखे । "नजिकै गएर बुझौं न", मनीषाले भनिन् र सबैजना प्रहरी नजिकै गए । "यहाँ के भएको रहेछ भनेर बुझ्न आएका हौं," उनीहरुले भने ।

**प्रहरी हबल्दार** : यी मानिसहरुले समुदायको एकजना वृद्ध महिलालाई बोक्सीको आरोपमा कुटपिट र अमानवीय व्यवहार गरेको भन्ने उजुरी परेको थियो । त्यसैले यिनीहरुलाई पक्रिएका हौं । सबै व्यक्ति पक्राउ पनि परिसके । अब यिनीहरुलाई पुर्पक्षका लागि जिल्ला अदालत लाँदै छौं ।

**पेमा** : हाम्रो समाजमा के हुँदै छ भन्या, अहिले पनि मानिसहरु बोक्सीप्रथा जस्तो कुरीति र अन्धविश्वासको पछि लागेर समाज कहिले परिवर्तन हुन्छ भन्या ।



**प्रहरी हबल्दार** : यी वृद्धा एकल र सहाराविहीन जीवन बिताइरहकी रहिछिन् । छिमेकीको भैंसी मऱ्यो भनेर उहाँलाई बोक्सीको आरोप लगाएर कुटिएको रहेछ । अमानवीय व्यवहार पनि कति कति धेरै गरेका रहेछन् । पछि होसमा आएपछि उनले वडाध्यक्षलाई खबर गरिन् र वडाध्यक्षले यस्ता घटना समाजमा मिलाउने होइन, कानुनी कारबाही गर्नुपर्छ भन्दै प्रहरीमा उजुरी गर्न लगाएका रहेछन् ।

*(प्रहरी उनीहरूलाई गाडीमा राखेर अगाडि बढे ।)*

**अमर** : समाजमा अझै पनि छुवाछुत, देउकी प्रथा, छाउपडी, दाइजो प्रथा, घुम्टो प्रथा जस्ता कुरीतिहरु विद्यमान् छन् जसले समाजलाई अगाडि बढ्न बाधा सिर्जना गरिरहेका छन् ।

**मनीषा** : हाम्रो समाजमा अझै पनि यस्ता कुरीतिहरु देख्दा हामी नै कति कमजोर रहेछौं जस्तो लाग्छ । समाजमा चेतना जगाउन, मानिसहरुलाई बुझाउन हामी पनि जिम्मेबार बन्नु पर्ने होइन र ?

**पेमा** : हो नि । हामीहरु पनि सामाजिक कुरीतिका विरूद्ध पोस्टर तयार पार्ने, समुदायमा ऱ्यालीका लागि समुदायका व्यक्तिहरुलाई अनुरोध गर्ने, सडक नाटक देखाउने आदि कार्यहरु गरौं न त ।

यसका लागि समुदायमा युवाहरु सम्मिलित युवा क्लबमार्फत आफूहरु सक्रिय रहने सल्लाह समेत गरेर आफ्ना कार्यलाई अगाडि बढाउने सङ्कल्प गर्दै उनीहरु घर गए ।

**प्रश्नहरू**

क) सामाजिक कुरीति भनेको के हो ?

.......................................................................................................................

ख) सामाजिक कुरीतिका कुनै पाँच ओटा उदाहरण दिनुहोस् ।

.......................................................................................................................

ग) 'सामाजिक कुरीतिले समाजलाई अगाडि बढ्न बाधा सिर्जना गर्छ' ,यस भनाइलाई आफ्ना तर्कसहित पुष्टि गर्नुहोस् ।

.......................................................................................................................

घ) सामाजिक कुरीति निराकरणका लागि के के गर्न सकिन्छ ? सूची तयार पार्नुहोस् ।

.......................................................................................................................

## सामुदायिक कार्य क्रियाकलाप

**मनीषा, पेमा र अमरले तयार पारेका सामाजिक कुरीति सम्बन्धी पोस्टरहरू अध्ययन गरौँ र कुरीति विरुद्ध समाजमा त्यस्तै चेतनामूलक कार्यहरू सञ्चालन गरौँ ।**

| | |
|---|---|
| पशुबलि प्रथा : परम्पराका नाममा पशुलाई बलिदिने कार्य राम्रो मानिँदैन । यो एक सामाजिक कुरीति हो । यसले समाजमा हिंसालाई प्रश्रय दिइरहेको हुन्छ भने अर्कातर्फ पशु अधिकारको पनि उल्लङ्घन भइरहेको छ । त्यसैले आजैदेखि बलिप्रथा बन्द गरौँ ।  | धामी भाँक्रि प्रथा : यो प्रथा पनि सामाजिक कुरीति हो । यस्ता कुरीतिले मानिसहरु उपचार पाउने हकबाट वञ्चित हुनुपरेको छ भने अर्कातिर धामी झाँक्रीका अमानवीय व्यवहार र अन्धविश्वासको सिकार हुनुपरेको छ । आजैबाट यस्ता अन्धविश्(वासबाट टाढा रहौँ । समयमा अस्पताल जाऔँ र स्वास्थ्यकर्मीको सल्लाहमा उपचार गरौँ ।  |

## खोज क्रियाकलाप

**मनीषाले सामाजिक कुरीतिको सम्बन्धमा खोजी गर्ने क्रममा सामुदायिक पुस्तकालय, इन्टरनेट आदिबाट खोजी गर्दा विभिन्न सामाजिक कुरीतिका सम्बन्धमा निम्न जानकारी प्राप्त गरिन् ।**

देउकी प्रथा : सुदुर पश्चिमका केही ठाउँमा छोरीलाई मन्दिरको पूजाआजा गर्ने काममा लगाउने परम्परा देउकी प्रथा हो । देउतालाई चढाइएका देउकीले विवाह गर्न नहुने प्रचलन रहेको छ ।

छुवाछुत : कानुनले निषेध गरे पनि कतिपय गाउँमा अझै पनि कोहीकोहीले तल्लो जात, अर्को जात भन्दै छोइछिटो गर्ने चलन कायम छ । कानुनले नै गर्ननहुने भनेको यस्तो कार्य कसैले पनि गर्नुहुँदैन । चेतना जागरण, सामाजिक सद्भाव, समावेशिता र अरु पेशा र जातजातीलाई सम्मान गर्ने संस्कारले यस्ता कुरीतिलाई निरूत्साहन गर्न सकिन्छ ।

छाउपडी प्रथा : कर्णाली प्रदेश र सुदुर पश्चिम प्रदेशका पहाडी जिल्लाहरुमा अझै पनि महिलाहरुलाई महिनावारी हुँदा घर बस्न नदिई घर नजिकै रहेको छुट्टै छाउघरमा राख्ने कुसंस्कार छाउपडी प्रथा हो । यो प्रथाका कारण महिलाहरु हिंसाको सिकार हुने, जङ्गली जनाबरको आक्रमणमा पर्ने आदि जोखिम मोल्न बाध्य छन् । चेतना जागरण, महिला शिक्षामा जोड, सामूहिक सचेतना अभियानमार्फत यस्ता गतिविधिमा निरूत्साहन गर्न सकिन्छ ।

**सामाजिक कुरीति न्यूनीकरणका उपायहरू**

१. जनचेतना : सामाजिक समस्या र विकृतिका मुख्य कारण जनचेतनाको अभाव हो । त्यसैले हामीले जनचेतना जगाउनेखालका कार्यक्रमहरु गरेर मानिसहरुलाई सचेत र जिम्मेबार बनाउन सक्छौं । अन्तर्क्रिया, र्‍याली, सडक नाटक, गीत, कविता आदिका माध्यमबाट जनचेतना वृद्धि गर्न सकिन्छ ।

२. रोजगारी सिर्जना : सामाजिक समस्या र विकृतिको मूल कारण बेरोजगारी पनि हो । रोजगारी नहुनाले मानिसहरु असामाजिक गतिविधिमा संलग्न हुन सक्छन् । रोजगारी भयो भने मानिसको चेतनाको स्तर पनि बढ्छ । फुर्सद पनि कम हुन्छ । रोजगारीले गरिबी निवारणमा सहयोग पुऱ्याउँछ । यसरी रोजगारी सिर्जनाले सामाजिक कुरीति समाधान गर्न सहयोग पुग्छ ।

३. कानुनको पालना : देशको कानुनको पालना गर्नु सबै नागरिकको कर्तव्य हो । सबैले कानुनको पालना गरेमा कसैको अधिकार हनन् हुन पाउँदैन । कानुनको प्रभावकारी कार्यान्वयन भएमा बोक्सी, छुवाछुत, छाउपडी जस्ता सामाजिक कुरीति कम गर्न सकिन्छ ।

४. शिक्षामा जोड : मानिसहरु शिक्षित हुनु भएको चेतना स्तरमा सुधार आउनु पनि हो । शिक्षाले सामाजिक विकृति र कुरितिविरूद्ध मानिसलाई सचेत बनाउने हुँदा महिला शिक्षामा बढी जोड दिनुपर्दछ ।

**दिइएका समाचारको अंश अध्ययन गरी सोधिएका प्रश्नको उत्तर दिनुहोस् ।**

हालै सिराहा जिल्लाको नवराजपुर गाउँपालिका कुर्सन्डीको शिवमन्दिरमा राति जम्मा भएका गाउँले या पञ्चायतीमा बसेकाले स्थानीय मूर्तिदेवी यादवलाई बोक्सी घोषणा गर्दै कुटपिट गर्नुका साथै मलमूत्रसमेत खुवाएको समाचार आयो । घटनाको सात दिनपछि प्रहरी गएर घटनास्थलको मुचुल्का त गऱ्यो तर पीडितको उपचार व्यवस्था र पीडकमाथि कारबाहीको प्रक्रिया अझै सुरू भएको छैन ।

उक्त घटनामा गाउँकी कुनै बालिका बिरामी भएको कुरा र चट्याङमा परी एकजनाको ज्यान गएको कुरासमेतमा मूर्तिदेवीलाई दोषी ठहऱ्याएर दण्डित गरिएको भनिएको छ । यस्तो कुरीति या कुविश्वास जोगाइराख्ने स्थानीय मूल्य प्रणालीको परम्परा र त्यसको पुनरूत्पादन प्रक्रियामाथि तत्काल हस्तक्षेप गर्नु जरूरी देखिन्छ । यसका लागि सरकारका औपचारिक संस्थासहित राजनीतिक दल र सामाजिक अभियन्ताले हस्तक्षेप थाल्न सक्छन् ।

**तल दिइएका प्रश्नहरूको उत्तर लेख्नुहोस् ।**

क) सामाजिक कुरिति भनेको के हो ?

..................................................................................................................................................

ख) सामाजिक कुरीतिले समाजमा पार्ने असरहरुको सूची तयार पार्नुहोस् ।

..................................................................................................................................................

ग) सामाजिक कुरीति हटाउने उपायहरु के के हुन् ? लेख्नुहोस् ।

..................................................................................................................................................



## अनुभवमा आधारित क्रियाकलाप

- समाजमान विद्यमान् कुसंस्कार र गलत परम्पराका अभ्यासहरु सामाजिक कुरीति हुन् ।
- सामाजिक कुरीतिहरुले समाजमा विकृतिहरुको सिर्जना गर्दछन् ।
- धामीझाँक्री प्रति विश्वास, छुवाछुत, बली प्रथा, देउकी, झुमा, बोक्सी प्रथा सामाजिक कुरीतिका उदाहरण हुन् ।
- चेतनाको कमी, परम्परागत सामाजिक रीतिरिवाजको शैली र संस्कार, सचेतनाको अभाव आदि सामाजिक कुरीतिका कारक तत्त्वहरु हुन् ।
- सामाजिक कुरीति निवारणमा सचेतना , जागरण , कानुको पालना, शिक्षाको पहुँच विस्तार जस्ता कुराहरुमा ध्यान दिनुपर्दछ ।

पाठ ५

# नेपालको संविधान र शासकीय संरचना

## सिकाइ क्रियाकलाप



संविधान दिवसको अवसरमा स्थानीय बालक्लबको आयोजनामा सेराबजारमा संविधान दिवसको कार्यक्रम मनाइएको छ । कार्यक्रममा संविधान र नेपालको संवैधानिक विकास सम्वन्धमा विभिन्न वक्ताहरुले मन्तव्यसमेत राखेका थिए । सो सन्दर्भमा विभिन्न वक्ताले राखेका विचारहरु अध्ययन गरौं ।




नमस्कार, म सञ्जय आले, स्थानीय बाल क्लबको अध्यक्ष । आज संविधान दिवसको अवसरमा म संविधानमा केन्द्रित रही आफ्ना विचारहरु प्रस्तुत गर्न गइरहेको छु ।

संविधान देशको मूल कानुन हो । यो राज्य सञ्चालनका लागि नागरिकहरुका चाहना र आकाङ्क्षा व्यक्त भएको राजनैतिक एवं कानुनी दस्तावेज हो । यसले सरकारको स्वरुप, अधिकार एवं काम कर्तव्यलाई निर्धारण गर्दछ । यसमा जनताको हक अधिकार रक्षा, राज्य शक्तिको बाँडफाँड त्यसको प्रयोग, नियन्त्रण तथा सन्तुलन सम्बन्धी व्यवस्था हुन्छ ।

हाम्रो देशको वर्तमान संविधान २०७२ साल असोज ३ गते जारी भएको थियो । यो संविधानअनुसार नै अन्य ऐन, नियम कानुनहरु बन्दछन् । संविधानलाई देशको मूल कानुन भनिन्छ ।

संविधानलाई देशको मूल कानुन किन भनिएको होला यहाँहरुलाई जिज्ञासा हुन सक्छ । जतिपनि कानुनहरु बनेका हुन्छन् ति कानुन संविधानको आधारमा बनेको हुनुपर्छ । शासन सञ्चालन गर्दा कानुनलाई आधार बनाइएको हुनुपर्दछ । कानुनको व्याख्या पनि संविधानको अपेक्षाअनुसार हुन्छ । संविधानसँग बाझिने कानुनहरु खारेज हुन्छन् वा अमान्य हुन्छन् । त्यही भएर संविधानलाई देशको मूल कानुन भनिएको हो । अब म नेपालमा संविधान कहिलेबाट बन्न थाल्यो र कति ओटा संविधान बने र तिनका मुलभूत विशेषता के थियो । सो सम्बन्धमा छोटो चर्चा गर्ने अनुमति चाहन्छु ।

नेपालको पहिलो संविधानका रुपमा वैधानिक कानुन २००४लाई लिन सकिन्छ । श्री ३ पद्म शमशेरले वि.सं २००४ साल माघ १३ गते यो कानुन घोषणा गरेका थिए । यो संविधान बन्यो मात्र कार्यन्वयनमा भने जान सकेन ।

त्यसैगरी प्रजातन्त्रको स्थापनासँगै वि.सं २००७ साल चैत्र १७ गते अन्तरिम शासन विधानको घोषणा भयो । उक्त संविधान वि.सं २००७ साल चैत्र २९ गतदेखि लागु भएको थियो ।

नेपाल अधिराज्यको संविधान २०१५ राजा महेन्द्रद्वारा वि.सं २०१५ साल फागुन १ गते जारी गरिएको थियो । यो संविधान संसदीय व्यवस्थामा आधारित थियो ।

अब म नेपालमा पञ्चायती संविधानको कुरा गर्छु । यो संविधान तत्कालीन राजा महेन्द्रले २०१९ पुस १ गते जारी गरे । जसलाई 'नेपालको संविधान, २०१९' भनिन्छ । यो संविधान राजनीतिक दलहरुमाथि प्रतिबन्ध लगाई निर्दलीय पञ्चायती व्यवस्था लागू गर्नेतर्फ उन्मुख थियो ।

नेपाल अधिराज्यको संविधान, २०४७ वि. सं २०४७ कार्तिक २३ गतेदेखि लागू भएको यस संविधानले सार्वभौमसत्ता नेपाली जनतामा स्थापित गरेको थियो । यस संविधानमा द्विसदनात्मक व्यवस्थापिका (राष्ट्रिय सभा र प्रतिनिधि सभा)को प्रावधान थियो ।

नेपालको अन्तरिम संविधान २०६३ कार्यान्वयनका दृष्टिकोणले पाचौँ संविधान हो । यो संविधान वि.सं २०६२/६३को जनआन्दोलनको परिणाम हो । वि.सं २०६३ साल माघ १ गते प्रतिनिधि सभाबाट पारित भई यो संविधान जारी गरिएको थियो । यो संविधानले नेपाललाई सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक राज्य घोषणा गरेको थियो । नेपालमा बोलिने सबै मातृभाषाहरुलाई राष्ट्र भाषाको मान्यता र नेपाललाई धर्म निरपेक्ष राज्य घोषणा गरेको थियो ।

२०७२ साल असोज ३ गते नेपालको संविधान जारी भएको हो । यो संविधान हाल कार्यन्वयनमा छ । यो संविधान संविधान सभाले बनाएको थियो । सङ्घीय लोकतान्त्रिक गणतन्त्र, धर्मनिरपेक्षता, समानुपातिक समावेशिता यस संविधानका विशेषता हुन् । यस संविधानले एकात्मक शासन व्यवस्थाबाट देशलाई सङ्घीय राज्य प्रणालीमा रुपान्तरण गरेको थियो । सङ्घ, प्रदेश र स्थानीय सरकारको व्यवस्था गरेको थियो ।

आज यही संविधान जारी भएको दिन पारेर हामी कार्यक्रम गर्दै छौँ । यो संविधानले नेपाली जनतालाई सार्वभौम शक्तिसम्पन्न बनाएको छ । राज्यशक्तिको स्रोत नेपाली जनतालाई बनाएको छ । सङ्घीय लोकतान्त्रिक व्यवस्थामा हामीले हाम्रा हक अधिकारहरु उपयोग गरिरहेका छौँ । त्यसैले यो दिवस हाम्रा लागि राष्ट्रिय दिवस हो । जनताको अधिकार प्राप्तिको दिवस हो ।

धन्यवाद

**तल पछि नगरपालिका उपाध्यक्षले नेपालको संविधानअनुसारको शासकीय स्वरूप, सङ्घ, प्रदेशको संरचना र कार्यहरू सम्बन्धमा आफ्ना मन्तव्य राख्नुभएको थियो । उहाँको विचार यस प्रकार थियो ।**

आजको यस कार्यक्रममा मलाई संविधानमा उल्लिखित शासकीय स्वरुप, सङ्घ प्रदेशको संरचना र कार्यहरु सम्बन्धमा आफ्ना विचार राख्न पाएकामा आयोजकलाई धन्यवाद दिँदै आफ्ना विचार राख्ने अनुमति चाहन्छु छु ।

नेपालको शासकीय संरचना सङ्घ, प्रदेश र स्थानीय तहमा विभाजन गरिएको छ । सङ्घमा सङ्घीय व्यवस्थापिका र सङ्घीय कार्यपालिका रहने व्यवस्था छ भने प्रदेशमा प्रदेश सभा र प्रदेश कार्यपालिकाको व्यवस्था गरिएको छ भने स्थानीय तहमा गाउँ वा नगरसभा र गाउँ वा नगर कार्यपालिकाको व्यवस्था वर्तमान संविधानमा गरिएको छ । अव म सङ्घीय व्यवस्थापिका के हो र यसको संरचना र कार्य सम्बन्धमा यहाँहरुको ध्यान आकर्षण गराउन चाहन्छु ।

नेपालमा सङ्घीय व्यवस्थापिकामा प्रतिनिधि सभा र राष्ट्रिय सभा रहने व्यवस्था छ । प्रतिनिधि सभामा २७५ जना सदस्य हुन्छन् । पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीबमोजिम १६५ जना र समानुपातिक निर्वाचन प्रणालीबमोजिम ११० जना सदस्य गरी जम्मा २७५ जना निर्वाचित हुन्छन् । समानुपातिक निर्वाचन प्रणालीमा राजनैतिक दललाई मतदान गरिन्छ । प्रतिनिधि सभाको कार्यकाल पाँच वर्षको हुन्छ । प्रतिनिधि सभामा सभामुख र उपसभामुख रहन्छन् ।

त्यस्तै सङ्घीय व्यवस्थापिकामा राष्ट्रिय सभा पनि पर्छ । राष्ट्रिय सभामा ५९ जना सदस्य रहन्छन् । प्रत्येक प्रदेशबाट आठ जनाको दरले छपन्न जना निर्वाचित हुन्छन् । नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट तीन जना मनोनित हुन्छन् जसमा एक जना महिला अनिवार्य हुनुपर्छ । राष्ट्रिय सभा स्थायी सदन हो । राष्ट्रिय सभाका सदस्यहरुको पदावधि छ वर्षको हुन्छ । प्रत्येक दुई वर्षमा एक तिहाइ सदस्यको कार्यकाल समाप्त हुन्छ । राष्ट्रिय सभामा अध्यक्ष र उपाध्यक्ष रहन्छन् । साथै अध्यक्ष र उपाध्यक्ष मध्ये एक जना महिला हुने व्यवस्था छ ।

यहाँहरुलाई जिज्ञासा हुन सक्छ, यसले सङ्घीय व्यवस्थापिकाको मात्र चर्चा गऱ्यो, सङ्घीय कार्यपालिकाको कुरो आएन नि त भन्ने लाग्न सक्छ । होइन, अब म सङ्घीय कार्यपालिकाको सन्दर्भलाई पनि यहाँ चर्चा गर्दै छु ।

नेपालको संविधानले सङ्घ, प्रदेश र स्थानीय तहमा छुट्टाछुट्टै सरकार रहने व्यवस्था गरेको छ । केन्द्रमा सङ्घीय सरकार, सात ओटै प्रदेशमा प्रदेश सरकार र ७५३ स्थानीय तहमा स्थानीय सरकार रहने व्यवस्था छ । सङ्घीय सरकारले देशको सङ्घीय कानुन कार्यन्वयन गर्छ । सङ्घीय सरकारलाई सङ्घीय कार्यपालिका पनि भनिन्छ । यसलाई नेपाल सरकार वा मन्त्रीपरिषद्को नामले पनि चिनिन्छ । सङ्घीय सरकारले संविधान र कानुनको अधीनमा रही देशको शासन व्यवस्था सञ्चालन गर्छ ।

सङ्घीय सरकारका कार्यहरू

क) देशमा शान्ति सुरक्षा र अमनचयन कायम गर्छ ।

ख) देशको प्रशासन संयन्त्रलाई प्रभावकारी रूपमा सञ्चालन गर्छ ।

ग) देशको वार्षिक बजेट तयार र कार्यान्वयन गर्छ ।

घ) सेनासँग सम्बन्धित विविध कार्य गर्छ ।

ङ) विकास निर्माणका ठुला ठुला परियोजनाहरू सञ्चालन गर्छ ।

च) अन्तर्राष्ट्रिय सन्धि सम्झौतासम्बन्धी कार्य गर्छ

सङ्घीय सरकारले गरेका सम्पूर्ण काम नेपाल सरकारको नाममा हुन्छ । सङ्घीय सरकार गठन हुने विभिन्न आधारहरु छन् । हाम्रो संविधानले प्रतिनिधिसभामा बहुमत प्राप्त गर्ने संसदीय दलको नेतालाई राष्ट्रपतिले प्रधानमन्त्रीमा नियुक्ति गर्ने व्यवस्था छ । यदि प्रतिनिधि सभामा कुनै दलको बहुमत (५० प्रतिशतभन्दा बढी) कम्तीमा १३८ सदस्य नभएमा दुई वा दुईभन्दा बढी दलको समर्थनमा बहुमत प्राप्त गर्ने प्रतिनिधि सभाको सदस्यलाई राष्ट्रपतिले प्रधानमन्त्रीमा नियुक्त गर्ने व्यवस्था छ । मैले अहिले भने अनुसारको सरकार बन्न नसकेमा वा सरकारले विश्वासको मत प्राप्त गर्न नसकेमा संसदको सबैभन्दा ठुलो संसीदय दलको नेता प्रधानमन्त्रीमा नियुक्त हुन सक्छ । सवैभन्दा ठुलो दलको पनि अनुसारको सरकार गठन हुन नसकेमा संसदबाट बहुमत जुटाउन सक्ने जुनसुकै प्रतिनिधि सभा सदस्य प्रधानमन्त्रीमा नियुक्त हुन सक्छ । जुनसुकै आधारबाट सरकार गठन भएपनि ३० दिनभित्र संसदबाट विश्वासको मत लिनुपर्ने हुन्छ । प्रधानमन्त्रीको अध्यक्षतामा मन्त्रीपरिषद् गठन हुन्छ । मन्त्रीपरिषद् समावेशी हुनुपर्छ । सङ्घीय सरकारमा प्रधानमन्त्रीसहित बढीमा २५ सदस्यीय मन्त्रीपरिषद् रहने व्यवस्था छ । मन्त्रीपरिषद्ले आफ्नो कामहरुलाई विभिन्न मन्त्रालय, आयोग र कार्यालयहरुमार्फत व्यवस्थित गर्छ ।

## अभ्यास

१. संविधानको परिचय दिनुहोस् ।

..........................................................................................................................................

२. वर्तमान संविधानका मुख्य विशेषताहरु लेख्नुहोस् ।

..........................................................................................................................................

३ सङ्घीय सरकारका कार्यहरु उल्लेख गर्नुहोस् ।

..........................................................................................................................................

४. राष्ट्रिय सभाको गठन प्रक्रिया उल्लेख गर्नुहोस् ।

..........................................................................................................................................

५. सङ्घीय कार्यपालिकाको गठन कसरी हुन्छ ?

..........................................................................................................................................



## अभ्यास क्रियाकलाप

**ठिक बेठिक लेख्नुहोस् ।**

क) संविधान देशको मूल कानुन हो । (....................)

ख) नेपालको संविधान २०७३ सालमा जारी भएको हो । (....................)

ग) नेपालको वर्तमान संविधानले नेपाललाई धर्म निरपेक्ष राज्यका रुपमा स्विकारेको छ । (....................)

घ) सङ्घीय व्यवस्थापिकाले कानुनको निर्माण गर्दछ । (....................)

ङ) कानुनको कार्यान्वयन गर्ने काम सङ्घीय सरकारको हो । (....................)

च) नेपालमा १० ओटा प्रदेश सरकार छन् । (....................)

**जोडा मिलाउनुहोस् ।**

| | |
|---|---|
| वैधानिक कानुन २००४ | पञ्चायती संविधान |
| अन्तरिम शासन विधान २००७ | वि.सं.२०६३ माघ १ |
| नेपाल अधिराज्यको संविधान २०१५ | वर्तमानमा कार्यान्वयनमा रहेको संविधान |
| नेपालको संविधान २०१९ | नेपालको पहिलो संविधान |
| नेपाल अधिराज्यको संविधान २०४७ | वि.सं.२००७ चैत्र १७ |
| अन्तरिम संविधान २०६३ | संसदीय व्यवस्थाको प्रावधान |
| नेपालको संविधान | २०४६ को आन्दोलनको उपज |
| | मोहन शमशेरको पालको बनेको |



## अनुभवमा आधारित क्रियाकलाप

संविधान देशको मूल कानुन हो ।

नेपालमा हालसम्म ७ ओटा संविधान बनिसकेका छन् ।

नेपालको पहिलो संविधान वैधानिक कानुन २००४ हो ।

नेपालको वर्तमान संविधान संविधान सभाले बनाएको संविधान हो ।

नेपालको वर्तमान संविधानअनुसार राज्यशक्ति संघ, प्रदेश र स्थानीय तहमा वितरण गरिएको छ ।

नेपालको सङ्घीय संसद दुइ सदनात्मक छ : प्रतिनिधि सभा र राष्ट्रिय सभा

नेपालको कार्यपालिका २५ सदस्यीयभन्दा बढी हुन नहुने व्यवस्था छ ।

## स्वमूल्याङ्कन अभ्यास

**यस मोडुलमा तपाईँहरूले के के सिक्नुभयो ? आउनुहोस् स्मरण गरौँ र तल दिइएका प्रश्नहरूको उत्तर दिऔँ ।**

क) SAARC को पूर्णरुप लेख्नुहोस् ।

ख) सार्कका उदेश्यहरु के के हुन् ?

ग) नेपालले हालसम्म कतिपल्ट सार्कको शिखर सम्मेलन आयोजना गरेको छ ? मिति उल्लेख गर्नुहोस् ।

घ) सार्कको सचिवालय कहाँ रहेको छ ?

ङ) स्रोतसाधनको न्यायोचित वितरण गर्ने उपायहरु के के हुन् ।

च) आफ्नो समुदायमा विद्यमान् सामाजिक कुरीतिहरुको पहिचान गरी न्यूनीकरणका उपायहरु समेत लेख्नुहोस् ।

छ) संविधानलाई किन मूल कानुन भनिन्छ ?

ज) प्रतिनिधि सभाको गठन प्रक्रिया उल्लेख गर्नुहोस् ।

## खाली ठाउँ भर्नुहोस् ।

क) सार्कको अन्तिम सदस्य देश ...........................हो ।

ख) सार्कका उदेश्यहरु ...........................ओटा छन् ।

ग) हावा, पानी आदि...........................स्रोत हुन् ।

घ) ...........................स्रोतसाधनको उपलब्धता कुनै ठाउँ विशेषमा मात्र हुन्छ ।

ङ) सामाजिक कुरितिले समाजमा ...........................फैलाउँछन् ।

च) प्रतिनिधिसभामा समानुपातिक प्रतिनिधित्व निर्वाचन प्रणालीबाट ...........................जना सदस्य निर्वाचित हुन्छन् ।

छ) नेपालको संविधान मिति...........................मा जारी भएको थियो ।

ज) व्यवस्थापिकाले कानुनको निर्माण गर्छ भने कार्यपालिकाले कानुनका...........................गर्छ ।



## स्वप्रेरित क्रियाकलाप

१) सार्कको बारेमा थप खोज गर्न सार्कको वेभसाइड https://www.saarc-sec.org/ मा जानुहोस् ।

२) संविधान र यस नेपालको शासकिय स्वरुप सम्वन्धमा थप जानकारी प्राप्त गर्न नेपालको संविधान अध्ययन गरौं ।

यो तल दिइएको धभदकष्तभको निम्न लिङ्कमा गएर पनि प्राप्त गर्न सकिन्छ ।

www.lawcomission.gov.np

तह

# ३

- भाषा र सञ्चार
- व्यावहारिक समस्या र समाधान
- सामाजिक व्यवहार र मूल्यमान्यता
- जीवन जगत् र प्रविधि
- स्वस्थ जीवनशैली र सिर्जनशीलता

## जीवन शिक्षा : शिक्षाको वैकल्पिक बाटो

अनौपचारिक तथा वैकल्पिक शिक्षा समकक्षताको लागि
तयार गरिएको नमुना सिकाई सामग्री